# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

परापूर्वकालदेखि नै कथा भन्ने चलन चलिआएको पाइन्छ । मानव सभ्यताको प्रारम्भदेखि नै मान्छेले आफ्ना आफन्त तथा साथीभाई बीचमा सुनाउने गरेको घटना वा कहानीबाट कथाको प्रादुर्भाव भएकाले यसको परम्परा प्राचीनतम् रहेको कुरा पुष्टि हुन्छ । पूर्वीय एवम्  पाश्चात्य साहित्य परम्परामा कथाको लामो परम्परा रहे पनि यसले सैद्धान्तिक मान्यता भने १९ औँ शताब्दीमा पाश्चात्य जगत्मा प्राप्त गरेको हो, भन्ने विद्वान्हरूको अभिमत रहेको पाइन्छ ।

कथा साहित्यको एउटा प्रमुख विधा हो । कुनै पनि घटनाको क्रमबद्ध भनाइ वा प्रस्तुति नै कथा हो । पाश्चात्य साहित्यशास्त्रमा प्रयुक्त हुने शब्द 'short story' को पर्यायवाची शब्द मानिने कथा शब्दको व्युत्पत्ति संस्कृत भाषाको कथ् (कथने) धातुमा अङ् ‘अ’ प्रत्ययबाट निष्पन्न ‘कथ’ मा टाप ‘आ’ प्रत्यय लागेर कथा शब्दको निर्माण भएको पाइन्छ । यसको शाब्दिक अर्थ ‘केही कुरा भन्नु वा कहनु’ हो । यस आधारमा ‘कथा’ शब्दको अर्थ भनिएको कहानी वा किस्सा हुन्छ । वास्तवमा गद्य भाषाको किस्सा, पात्रप्रधान वा कथात्मक निबन्धको सामञ्यस्यताबाट आधुनिक कथा विधाको जन्म भएको हो । साहित्यका विभिन्न विधाबाट गुण र स्वभावलाई ग्रहण गर्दै एउटा छुट्टै विधाको रूपमा आफूलाई परिचित गर्न सफल कथा विधाले अति छिटो जनमानसमा गहकिलो प्रभाव छोड्न सफल भएको पाइन्छ । कथा गद्यमा लेखिने एउटा यस्तो साहित्यिक विधा हो, जसमा कथात्मकता अनिवार्य रूपमा हुनै पर्दछ । कथात्मकताले नै कथालाई सार्थक बनाउँदछ । यसैगरी पात्र विधान, कथाकथन (संवाद), देशकाल र परिस्थिति, भाषाशैली र उद्देश्यहरू जस्ता तत्वहरू पनि हुन अपरिहार्य नै छ । यसका साथै “कथामा कुनै कुनै विचार वा भावना विषयवद्ध हुनैपर्छ । विचारलाई कथामा नाटकीकरण गर्नु पर्दछ । निश्चित संरचना दिनुपर्छ कथात्मकता अनिवार्य मानिएको छ, तापनि आजभोलि लेखिने कथामा ज्यादै सुक्ष्म कथात्मकता देखिन थालेको छ” (आचार्य र बस्नेत, २०५९ पृ., ३०६) ।

समयको बहावसँग अनुकूलित र परिवर्तित रूपमा देखापर्ने कथाले वर्तमान समयसम्म आइपुग्दा साहित्यका अन्य विधा भन्दा गरिमामय तथा लोकप्रिय विधाको रूपमा आफूलाई परिभाषित गरेको छ । कथाले मनोरञ्जन र रोचकतासँगसँगै उपदेश, सन्देश, ज्ञान प्रदान विधा भएकाले  गर्दा अन्य विधाको तुलनामा कथाले अलि धेरै नै क्षेत्र ओगटेको पाउन सकिन्छ । अन्य विधाका लागि क्षमतावान्, सृजनशील, शिक्षित वा घुमाउरा भनाइहरू बुझ्न आवश्यक देखिए पनि यस कथा विधाले भने ती सम्पूर्ण कुराहरूको घेरामा नबसी समान रूपमा जुनसुकै तह वा स्तरका व्यक्तिहरूका लागि पनि प्रस्तुत हुन सक्ने वातावरण बनाउँदछ । जसले गर्दा कथा सानो तहबाट ठूला वा माथिल्ला तहका लागि पनि विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा पर्याप्त स्थान दिइएको हो । विद्यालय तहमा कथाको माध्यमबाट विद्यार्थीहरूमा बोध क्षमताको वृद्धि गर्न, नवीन शैलीहरूको पहिचान गर्न, विभिन्न अभिव्यक्तिप्रति ज्ञान प्राप्त गर्न, साहित्यमा रुचि जगाउन, कल्पना शक्ति विकास गर्न सकिन्छ । त्यसैले कथा शिक्षणको महत्त्व विद्यालय तहमा अपरिहार्य मानिन्छ ।

## १.२ समस्या कथन

शिक्षण सिकाइ कार्यकलाप तथा विधिको प्रकृति विद्यालयगत आधारमा छुट्टछुट्टै रूपमा गर्न सकिन्छ । जसअन्तर्गत प्रस्तुत शोधकार्य मोरङको वयरवन गा.वि.स. मा अवस्थित कक्षा नौं मा कथा विधाको शिक्षण गर्दा अपनाइएका शिक्षण विधिको अध्ययनमा केन्द्रित रही अध्ययन गरिएको छ ।

१. कक्षा नौं मा कथा विधा शिक्षण गर्दा कस्ता शिक्षण विधिहरू अपनाइएका छन् ?

२. कक्षा नौं मा अध्ययनरत विद्यार्थीका लागि कथा शिक्षण गर्दा प्रयुक्त शिक्षण विधिहरू समस्या मुलक छन् वा छैनन् ?

३. कक्षा नौं मा शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरू के कतिको रूपमा लाभदायक र उद्देश्यमुखी बन्न सफल छन् ?

## १.३ अध्ययनका उद्देश्यहरू

कुनै पनि काम गर्नुपूर्व त्यसको उद्देश्य निर्धारण गर्नुपर्दछ । उद्देश्य विनाको कार्य कुहिरोमा हराएको कागसरह हुन्छ  । त्यस्तै शिक्षण क्षेत्रमा पनि उद्देश्यलाई पूरा गराउनका

लागि शिक्षण प्रभावकारी हुनु, एकदमै आवश्यक हुन्छ । यस कक्षा ९ मा नेपाली कथा शिक्षण गर्दा अपनाएका शिक्षण विधिहरूको अध्ययन गर्न निम्न उद्देश्यहरू रहेका छन् :

क) कथा शिक्षणका क्रममा शिक्षकहरूद्वारा अवलम्बन गरिएका शिक्षण विधिको पहिचान गर्न,

ख) सम्बन्धित विद्यालयहरूमा कक्षा नौं मा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन गर्न,

ग) शिक्षणका क्रममा देखिएका समस्याहरू पत्ता लगाई ती देखिएका समस्या समाधानका निमित्त थप सल्लाह तथा सुझावहरू प्रदान गर्न,

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

कथा एक गद्यात्मक तथा आख्यानात्मक विधा हो । यस विधालाई शिक्षण गर्नका निमित्त अपनाइएका विधिहरू सम्बन्धी केही यस्ता कुराहरूमा अनुसन्धान गरिएको छ :

- कथा शिक्षणमा अपनाइएका कार्यकलाप तथा विधिहरू के-कति प्रभावकारी बनेका छन् वा छैनन् ?
- विद्यालयहरूका शिक्षकहरू तालिम प्राप्त छन् वा छैनन् ?
- विद्यालयहरूमा रहेका तालिम प्राप्त गरेका र तालिम प्राप्त नगरेका शिक्षक बीचको कथा शिक्षण विधि के कस्ता छन् ?
- शिक्षकले के कस्ता शिक्षण विधिलाई कक्षाकोठामा प्रस्तुत गर्दै आएका छन् ? ती विधि प्रभावकारी छन् वा छैनन् ?
- शिक्षण विधिहरूमा के कस्ता रूपमा सुधार गरिदै लान सकिन्छ ?
- विद्यालयमा प्रभावकारी शिक्षणका लागि के के सामग्री तथा विधिहरू अवलम्बन गर्दा उपयुक्त हुन सक्छ ?

## १.५ अध्ययनको महत्त्व

कथा शिक्षण गर्दा कुनै पनि शिक्षकलाई यो थाहा भएको हुनु पर्दछ कि कथा शिक्षणले चारैवटा भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई समेट्न सकेको छ कि छैन ? कथा शिक्षण पश्चात् विद्यार्थीहरूले कुन-कुन भाषिक सीप हासिल गरे त भन्नु नै अध्ययनको महत्त्व र औचित्य हो । ती भाषिक सीप हासिल गराउनको लागि कक्षाकोठामा कुन कुन शिक्षण विधि प्रयोग गरेका छन् ? ती के के हुन् ? ती कतिको उद्देश्यमुखी बन्न

सफल छ ? भन्ने बारे अध्ययनमा केन्द्रित भएकाले यो एकदमै औचित्यपूर्ण र महत्त्वपूर्ण रहेको छ ।

कथा विविध विधामध्येको एक महत्त्वपूर्ण विधा हो । जुन विधालाई सबै विद्यार्थीहरूले रोचकता र मनोरञ्जनात्मकताका रूपमा अध्ययन गर्ने भएकाले यस विधाद्वारा विद्यार्थीहरूलाई प्रभावकारी रूपमा शिक्षण गराइने गरिन्छ । यस कथा शिक्षणका क्रममा अवलम्बन गरिएका शिक्षण विधिहरू के कस्ता छन् ? ती उद्देश्यमुखी बनेका छन् कि छैनन् ? कथा शिक्षणका क्रममा के कस्ता समस्याहरू आए, त्यस्ता समस्याहरू सुधार गर्नका लागि पनि थप सुझाव तथा सल्लाह प्रदान गर्ने र शिक्षक तथा विद्यार्थीहरूको समस्याको पहिचान गरी उक्त समस्या सुधारका लागि सुझाव पनि प्रस्तुत गर्ने भएकाले प्रस्तुत शोधकार्य महत्त्वपूर्ण र औचित्यपूर्ण रहेको छ । जुन मोरङ वयरवन गा.वि.स.का विद्यालयमा  कक्षा नौं को नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन सम्बन्धी गरिएको यो पहिलो शोधकार्य भएकाले पनि यसको ठूलो महत्त्व रहेको छ ।

प्रस्तुत अनुसन्धानबाट आएको अध्ययनले कथा शिक्षण कार्यलाई अर्थपूर्ण एवम् प्रभावकारी बनाउनका लागि नेपाली विषयक अध्यापनरत शिक्षकहरूलाई उपयुक्त शिक्षण विधि अबलम्वन कार्यमा सहयोग पुऱ्याउने देखिन्छ । यसैगरी कक्षा नौं को नेपाली पाठ्यक्रम, पाठ्यपुस्तक विद्यार्थीहरूको स्तर, रुचि, क्षमता र आवश्यकता अनुसार निर्माण गर्नमा सम्बन्धित विषयको पाठ्यपुस्तक निर्माता र विषय विशेषज्ञलाई समेत थप सहयोग पुऱ्याउने देखिन्छ । जुन भावी अनुसन्धानकर्ताका लागि एउटा सहयोगी दस्तावेजको रूपमा लिन सकिने भएकाले पनि प्रस्तुत शोधकार्य ज्यादै महत्त्वपूर्ण रहेको छ ।

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्यका सीमाहरू निम्नानुसार रहेका छन् :

- यस शोधकार्यले मोरङ जिल्ला वयरवनमा अवस्थित विद्यालयहरूमा कक्षा नौं मा कथा शिक्षण गर्दा अपनाइएका विधिहरूको अध्ययन गरिएको छ ।
- यस अध्ययन वयरवन गा.वि.स.मा अवस्थित ५ वटा सरकारी र ५ वटा संस्थागत विद्यालयहरूमा नेपाली विषय शिक्षण गर्दा अपनाइएका विधिहरूमा सीमित रही अध्ययन गरिएको छ ।

- यो अध्ययन वयरवन गा.वि.स.का सरकारी र संस्थागत गरी १० वटा विद्यालयहरूमा अध्यापनरत १० जना नेपाली शिक्षकहरूको शिक्षकप्रश्नावली फाराम र कक्षा अवलोकन फाराम प्रक्रियामा सीमित रही अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

कथा ज्यादै लोकप्रिय र अति प्रचलित विधा हो । मानव सभ्यताको उषाकालीन यामसँगै कथाको जन्म हुन पुगेको कुरामा अधिकांश साहित्यिक विज्ञहरूले स्वीकृति जनाएका छन् । श्रुति परम्परामा बाँचेको दन्त्यकथा कथनमा स्वाद लिने कथाकथक र ध्यानमग्न भई उसको कथा सुन्ने शिक्षित अशिक्षित स्रोताका बीचको तादात्म्यता नेपाली जीवनको विशिष्ट परम्परा हो । हाम्रो समाजमा पञ्चतन्त्र, हितोपदेशका कथा पौराणिक कथा लगायत लोककथाको परम्परा पनि परापूर्व कालदेखि नै प्रचलित रहेको पाइन्छ । जसको प्रभावस्वरूप आज आएर कथालाई विद्यालय तथा विश्व विद्यालयहरूमा समेत पर्याप्त स्थान दिइएको छ ।

संस्कृतको 'कथ्' धातुमा आ प्रत्यय लागेर कथा बनेको हो । यसको शाब्दिक अर्थ केही कुरा भन्नु वा कहनु हो । संस्कृत साहित्यमा कथालाई कथागाथा, आख्यान, आख्यायिका भन्ने गरिन्थ्यो भने अङ्ग्रेजी साहित्यमा स्टोरी, टेल, फेबुल र अन्त्यमा सर्ट स्टोरी नै भन्न थालियो । त्यसैगरी कथालाई हिन्दीमा कहानी, बङ्गालीमा गल्प र नेपालीमा कथाकुथुङ्ग्री आहान आदिको संज्ञा दिएको पाइन्छ ।

कथाको प्रारम्भको कुरा गर्नुपर्दा पश्चिमी साहित्यमा क्राइस्ट जन्मनुभन्दा पनि अगाडि मिश्र (मिश्रको सभ्यता) सँग जोडिएर जादुगरको काव्य तथा क्रिश्चयनहरूको धार्मिक काव्यका आधारमा बनेका अन्य कथाबाट कथाको प्रारम्भ भएको पाइन्छ । इ.सा. १००० वर्ष अगाडि होमरका इलियड र ओडेसी, त्यस्तै इ.सा. को ३-४ सय वर्ष अगाडि सुकरात, प्लेटो र अरस्तुको विचार तथा उपदेशहरू कथाको रूपमा विकसित हुँदै आयो । पूर्वीय साहित्यमा विक्रमको लगभग २५ सय वर्ष अगाडि ऋग्वेदमा आधारित कथाहरू प्रचलनमा आएको पाइन्छ भने रामायण, महाभारत, उपनिषद्, बौद्धग्रन्थ, संस्कृतका पञ्चतन्त्र तथा हितोपदेश कथाका माध्यमबाट आधुनिक कथाको आधार तयार गरिएको छ । १९ औ शताब्दीमा आएर अमेरिकाको एड्गर एलेन पोले कथाको परिभाषा दिए अनुसार : "कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एकै बसाइमै पढेर सिध्याउन सकिन्छ। पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ । यसरी प्रभाव

जमाउन बाधा पार्ने जति सबै कुराहरू यसमा रहन दिईदैन । यो आफैमा पूर्ण हुन्छ" ( ढुङ्गेल र दाहाल, २०६६ पृ., २) ।

पूर्वीय र पाश्चात्य साहित्य परम्परामा कथाको लामो परम्परा रहे पनि यसको सैद्धान्तिक मान्यता भने १९ औं शताब्दीमा पाश्चात्य जगतमा प्राप्त गरेको हो भन्ने विद्वानहरूको अभिमत रहेको पाइन्छ । यस कथा विधाले साहित्यका विभिन्न विधाहरूबाट गुण र स्वभावलाई ग्रहण गर्दै एउटा छुट्टै विधाको रूपमा आफूलाई परिचित गर्नका साथै अति छिटो जनमानसमा गहकिलो प्रभाव छोड्न पनि सफल भएको पाइन्छ जसको माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ, नै साथै यसबाट विद्यार्थीहरूमा कल्पनाशक्ति र सिर्जनाशक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै सहज हुन्छ । आजको वर्तमान समयसम्म आइपुग्दा अन्य विधाहरूको तुलनामा कथा विधाले एकदमै लोकप्रिय विधाका रूपमा आफूलाई प्रमाणित गरेको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

अनुसन्धान नयाँ नयाँ कुराको खोज अध्ययन पत्ता लगाउनु मात्र नभएर पुरानै कुरालाई सही तथ्यका आधारमा परिमार्जित गर्नु पनि हो । त्यसैले शोध कार्य गर्दाको अवस्थामा पनि सम्बन्धित क्षेत्रमा भएका अध्ययन अनुसन्धानहरूको जानकारी लिनका लागि सम्बन्धित साहित्यको पुनरावलोकन गर्नु पर्दछ । आफूले गर्ने अध्ययन नयाँ छ वा छैन शोध कार्यका लागि आवश्यक विधि, प्रक्रिया, तथ्याङ्क, शास्त्रीय पद्धति र कस्ता कस्ता उपकरणको विषयमा शोध कार्य भयो र कस्ता कस्ता शोधकार्य हुन बाँकी छ, र ती भइसकेका शोधकार्यभन्दा भिन्न आफ्नो शोधकार्यमा के के भिन्नताहरू छन् वा छैनन् भन्ने विषयमा जान्न पनि सम्बन्धित साहित्यको पुनरवलोकन गरिनु पर्दछ ।

भाषा शिषण भनेको भाषिक सीपहरूको शिक्षण हो । भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को प्राप्ति नै भाषा शिक्षणको अपेक्षा हो । भाषा शिक्षणका सन्दर्भमा भने भाषा पाठ्यक्रम र नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कविता, कथा, निबन्ध, प्रबन्ध, रूपक चिठी आदि जस्ता फरक फरक विधाहरू हुन्छन् र ती विधाहरूको शिक्षण पनि फरक फरक किसिमको नै हुन्छ । यस्ता विविध विधा मध्येको एक उत्कृष्ट विधा कथा शिक्षणमा अपनाइएका शिक्षण विधिहरूको अध्ययनमा यो शोध कार्य सम्बन्धित रहेको छ । विभिन्न साहित्यसम्बन्धी शोधकार्यको अनुसन्धान गर्दा कथा शिक्षणमा अपनाइएका शिक्षण

विधि अध्ययनमा विभिन्न शोधकार्य भएतापनि मोरङ बयरवन गा.वि.स.मा रहेका विद्यालयहरूका कक्षा नौं मा कथा शिक्षणमा अपनाइएका विधि सम्बन्धमा कुनै पनि शोध अध्ययन कार्य भएको पाइँदैन ।

त्यसैले सम्बन्धित क्षेत्रको प्रत्यक्ष रूपमा अध्ययन अनुसन्धान गरी ती नेपाली विषयका शिक्षकहरूले कुन कुन शिक्षण विधिहरूको प्रयोग गर्दै आएका छन् ? ती के कति रूपमा प्रभावकारी बन्न सफल भएको छ ? र शिक्षणलाई सुधार गर्नमा के कस्ता शिक्षण विधिहरू अपनाउन सकिन्छ भन्ने बारे मूलतः यो शोधकार्य सम्बन्धित रहने छ र यसै कथा विधा शिक्षण विधि तथा कार्यकलापसँग निकट सहयोगी पुस्तकहरू र शोधपत्रको पुनरवलोकन अध्ययन निम्नानुसार गरिएको छ :

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेलद्वारा ***नेपाली भाषा र साहित्य शिक्षण (दोस्रो संस्करण -२०६८)*** नामक पुस्तकमा विशेष गरी माध्यमिक विद्यालय तहमा भाषाका विभिन्न विधा शिक्षण गर्दा अपनाईएका विधि तथा कार्यकलापहरूको अध्ययनका सम्बन्धमा चर्चा गरिएको छ । उक्त पुस्तकमा भाषा शिक्षणको सैद्धान्तिक परिचय, नेपाली शिक्षण परम्परा र वर्तमान स्थिति, दोस्रो भाषा सिकाइका प्रभावक तत्त्वहरू, दोस्रो भाषा शिक्षणका प्रमुख पद्धति र विधिहरू विविध भाषिक सीप शिक्षण प्रविधि, शब्दार्थ, शब्दभण्डार तथा वाक्यरचना शिक्षण, व्याकरण शिक्षण, भाषा शिक्षण र साहित्य शिक्षण र विविध साहित्यिक विधाहरूको स्वरूप, शिक्षण प्रयोजन र शिक्षण विधिअन्तर्गत कविता शिक्षण, नाटक, एकाङ्की शिक्षण निबन्ध शिक्षण र कथा/उपन्यास शिक्षण आदिलाई उल्लेख गरिएको छ ।

कथा शिक्षणअन्तर्गत शिक्षण विधिमा व्याख्यान विधि, छलफल/प्रश्नोत्तर विधि, पठनबोध विधि र लेख प्रस्तुतीकरण विधिको उल्लेख गरिएको छ । कथा शिक्षण क्रममा प्रस्तावना, कथाकथन, कठिन शब्दको निराकरण, प्रश्नोत्तर, व्याख्या तथा विश्लेषण र विशिष्ट पङ्क्तिहरूको व्याख्याको उल्लेख गरिएको छ । माथि उल्लिखित कथा शिक्षण क्रमलाई नै कथा शिक्षण गर्दा अपनाइएका विविध शिक्षण विधिहरूको रूपमा ग्रहण गरिएको छ ।

खनिया, बुद्धराज, रामकुमार अधिकारी र विप्रहरी दहालद्वारा ***नेपाली भाषा शिक्षण (दोस्रो संस्करण-२०६८)*** नामक पुस्तकमा विशेष गरी विद्यालय तहभन्दा माथिल्ला स्तरमा भाषाका विभिन्न विधामा शिक्षण गर्दा अपनाइएका शिक्षण विधि र कार्यकलापहरूको चर्चा

परिचर्चा गरिएको छ । उक्त पुस्तकमा नेपाली भाषा शिक्षणसम्बन्धी परिचय, विभिन्न सन्दर्भमा नेपाली भाषा शिक्षण, भाषा पाठ्यक्रमको विगत र वर्तमान नेपाली भाषा पाठ्यक्रम तथा पाठ्यक्रम निर्माणका सिद्धान्तहरूको चर्चा गर्दै सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीप विकासका बारेमा पनि अलग-अलग शीर्षकमा विस्तृत उल्लेख भएको पाइन्छ । उक्त पुस्तकमा शब्दार्थ शिक्षण, व्याकरण शिक्षणका साथै साहित्य शिक्षणहरूमा कथा शिक्षण, कविता शिक्षण, निबन्ध शिक्षण, जीवनी शिक्षण र रूपक शिक्षणबारे पनि चर्चा-परिचर्चा गरिएको छ ।

कथा शिक्षणको सन्दर्भमा भने कथा शिक्षणको प्रयोजन, उद्देश्य, महत्त्व लगायत शिक्षण विधिहरू तथा प्रक्रियाहरू कथाकथन, स-स्वरवाचन, शब्दोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग पठनबोध व्याख्या गर्नुका साथै कथा शिक्षणमा विद्यार्थीहरूको स्तर अनुसार व्याख्या गर्नुका साथै कथा शिक्षणमा विद्यार्थीहरूको स्तरअनुसार व्याख्या, प्रश्नोत्तर छलफल, तुलना, समीक्षा पठनबोध जस्ता विधिहरू प्रयोग गर्न सकिन्छ । शिक्षण सामग्रीमा शब्दपत्ती, वाक्यपत्ती, सूची, तालिका बुँदा टिपोट आदिको प्रयोग गर्न सकिन्छ । यसका अलवा कथाका माध्यमबाट स-स्वर तथा मौनपठन, पठनबोध, मौखिक तथा लिखित रूपमा प्रश्नोत्तर बुँदाटिपोट, व्याख्या, सारांश घटनाक्रम मिलाउने कठिन शब्दहरूको उच्चारण अर्थ र प्रयोग श्रुतिलेखनजस्ता कार्यकलापहरू गराउनु पर्ने आदि कुराहरूलाई पनि विशेष रूपमा उल्लेख गरिएको छ ।

भुषाल, निमानन्द (२०५९) द्वारा ***अर्घाखाँचीका मा.वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति*** शीर्षकमा अध्ययन गरेका छन् । उनको अध्ययन नेपाली भाषा शिक्षणमा प्रयोग हुन सक्ने शैक्षिक सामग्रीहरूको परिचय दिने, त्यसको उपयोगिताको वास्तविक स्थिति पहिल्याउने, शिक्षक निर्देशिकामा निर्दिष्ट शैक्षिक सामग्रीको चर्चा गर्ने उद्देश्यमा रहेको छ । उनको अध्ययन अनुसार नेपाली शिक्षणका क्रममा चक, डस्टर, कालोपाटी जस्ता दैनिक प्रयोग हुने सामग्री बाहेक अन्य सामग्रीको प्रयोग बाहेक अन्य सामग्रीको प्रयोग नभएको उल्लेख पाइन्छ । यसका लागि आर्थिक लगानी गर्नुपर्ने, शिक्षकहरूलाई शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोगसम्बन्धी प्राप्त गर्नुपर्ने परिश्रमी र लगनशील शिक्षकको सही मूल्याङ्कन हुनुपर्ने र दायित्वबाट विचलित शिक्षकलाई यथोचित सजायको व्यवस्था हुनुपर्ने आदि जस्ता सुझावहरू दिएका छन् ।

पौडेल, देवीदत्त (२०६०) द्वारा ***कक्षा ८ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन*** शीर्षकमा कक्षा ८ मा कथा शिक्षण गर्दा शिक्षकहरूले प्रयोग गर्ने शैक्षणिक विधिहरूको सर्वेक्षण गर्ने, अनुदान प्राप्त सरकारी तथा निजी विद्यालयहरूमा कथा शिक्षण गर्दा प्रयोग हुने विधिहरूको तुलनात्मक अध्ययन गर्ने, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले अपनाएका विधिहरूको तुलनात्मक अध्ययन गर्ने, ग्रामीण र सहरीया विद्यालयका शिक्षकहरूले अपनाउने शिक्षण विधिहरू बीचको तुलनात्मक अध्ययन गर्ने मूल उद्देश्य राखी तयार गरिएको यो अनुसन्धानमा निजी विद्यालयका शिक्षकहरूले भन्दा अनुदान प्राप्त विद्यालयका शिक्षकले शैक्षिक योजना निर्माण गरेको कुरा उल्लेख छ भने शैक्षणिक कार्यकलापमा निजी विद्यालय अगाडि रहेको पाइयो । शैक्षिक सामग्री तालिम प्राप्त शिक्षकले बढी प्रयोग गरेको उल्लेख छ । ग्रामीण र सहरी दुवै क्षेत्रमा शिक्षकहरूले कथा शिक्षणमा अपनाइएका सम्पूर्ण विधि तथा कार्यकलापहरू सम्बन्धित रहेर यो अनुसन्धानात्मक शोध प्रस्तुत गरिएको पाइयो ।

अँगाई, मीनामायाँ (२०६०) द्वारा ***कक्षा नौमा गद्य विधा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन*** शीर्षकमा शोधकार्य भएको पाइन्छ । कथा, विधा लगायतका अन्य गद्य विधा शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिको परिचय दिनु, प्रयोग गरिएको शिक्षण विधिका पहिचान गर्नु, गद्य विधा शिक्षण गर्दा देखिने विधिहरूको कमीकमजोरी पत्ता लगाई सुझाव दिनु उद्देश्य रहेको उक्त अध्ययनमा क्षेत्रीय विधिको अवलम्बन गरिएको पाइन्छ । गद्य पाठहरू दिई ती पाठ शिक्षणका क्रममा उपयोग भएका विधि र कार्यकलापहरूलाई शिक्षण प्रश्नावली र कक्षा अवलोकनका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । उक्त क्रममा सस्वर वाचन, कठिन शब्दको उच्चारण, बोध प्रश्नोत्तर, सारांश बताउने, कक्षागत मूल्याङ्कन आदि कथा शिक्षणका कार्यकलापरुका रूपमा चर्चा गरिएको पाइन्छ । अन्त्यमा शोधका निष्कर्ष र कमीकमजोरी अनुरूप सुझाव बुँदागत रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

बुढाथोकी, गोपाल (२०६२) द्वारा तयार पारेको ***कक्षा ७ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन*** शीर्षकको शोधपत्रमा कविता शिक्षणमा कुन कुन शिक्षण विधि प्रयोग गरिएका थिए भन्ने जाँच गर्नका लागि तयार बनाएका कक्षा अवलोकन फाराम र प्रश्नावलीका शिक्षण विधिको उल्लेख गरिएको पाइयो । यसका साथै

प्रस्तुत शोधकार्यले सरकारी तथा निजी विद्यालयहरूले अपनाउँदै आएका शिक्षण विधिहरू बीचको तुलनात्मक अध्ययनलाई प्रस्ट रूपमा प्रस्तुत गरिएको पनि पाइयो ।

गौतम, सरिता (२०६४) द्वारा ***कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन*** शीर्षकमा अर्को महत्त्वपूर्ण अध्ययन भएको पाइन्छ । प्रस्तुत शोधमा कथा शिक्षणको परिचय दिनु, कथा शिक्षणको प्रयोजन दिनु, कथा शिक्षण गर्न सकिने विविध कार्यकलापहरूको अध्ययन गर्नु, तालिम प्राप्त र अप्राप्त भाषा शिक्षणहरूको कथा शिक्षण गर्दा अपानाउने कार्यकलापहरूको भिन्नता पहिचान गर्नु र शिक्षकहरूको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । वर्णनात्मक विधिको अवलम्बन गर्दै नमुना छनौट गरी प्रश्नावली र कक्षा अवलोकन फारामका माध्यमबाट सामग्री सङ्कलन गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण पश्चात् निष्कर्षमा पुगिएको छ । निष्कर्षलाई बुँदागत रूपमा (१९ वटा) प्रस्तुत गरिएको छ भने देखिएका कमीकमजोरीलाई सम्बोधन गर्ने गरी १३ वटा सुझाव प्रस्तुत गरिएको छ ।

इटनी, रुक्मीला (२०६५) द्वारा ***कक्षा दशमा कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन*** शीर्षकमा अर्को महत्त्वपूर्ण अध्ययन गरेकी छन् । उक्त शोधमा कथा शिक्षणको परिचय र प्रयोजन दिनु, कथा शिक्षणमार्फत् गरिएको कार्यकलापको पहिचान गर्नु, सामुदायिक विद्यालय र संस्थागत विद्यालयका भाषाशिक्षकहरूले कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको भिन्नता केलाउनु उद्देश्य रहेका छन् । अध्ययन विधि अन्तर्गत धादिङ जिल्लाभित्रका सामुदायिक र संस्थागत दश/दश गरी जम्मा बीसवटा विद्यालयलाई नमुनाको रूपमा छनोट गरियो । उल्लिखित बीसवटा विद्यालयका बीसजना नेपाली भाषा शिक्षण गर्ने बीस जना शिक्षकलाई यस शोधकार्यका लागि जनसङ्ख्याका रूपमा लिइएको पाइन्छ । तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली र कक्षा अवलोकन फाराम बनाई पूर्व परीक्षण गरी कार्यान्वयन गरी तथ्याङ्कको सङ्कलन गरिएको देखिन्छ । शिक्षणहरूमा पाठयोजना बनाउनु पर्छ भन्ने मान्यता रहे पनि व्यावहारिक रूपमा पाठयोजनाप्रति लापरवाही गरेको, प्रश्नावली फाराम अनुरूप कक्षा अवलोकन गर्दा सो नपाइनु, सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका शिक्षक बढी सक्रिय रहेको, कक्षा अवलोकन बुँदागत रूपमा १६ वटा निष्कर्ष रहनुका साथै पाइएका कमीकमजोरीलाई सम्बोधन गर्ने उद्देश्यले बुँदागत रूपमा २० वटा सुझावहरू प्रस्तुत गरिएको पाइन्छ । साथै

यस अध्ययनमा सातवटा शैक्षिक प्रयोजन र सातवटा भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू समेत उल्लेख गरिएको देखिन्छ ।

गिरी, कृष्णचन्द्र (२०६७) द्वारा ***प्युठान जिल्लामा कक्षा नौमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन*** शीर्षकमा प्रस्तुत शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनमा कथा शिक्षण गर्दा अपनाउन सकिने कार्यकलापहरूको पहिचान गर्नु, कथा शिक्षण प्रयोजनहरूलाई प्रस्तुत गर्नु, प्युठान जिल्लाको सरकारी तथा निजी विद्यालयहरूले अपनाएका शिक्षण कार्यकलापहरू बीचको समानता र भिन्नता पत्ता लगाउन वा शिक्षण कार्यकलापमा देखिएका समस्या तथा कमी कमजोरीहरू पहिचान गरी सुझाव दिनु यसको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यमा नमुना छनौट गरी प्रश्नावली र कक्षा अवलोकन फारामका माध्यमबाट सामग्री सङ्कलन गरी व्याख्या तथा विश्लेषणपश्चात निष्कर्षमा पुगिएको पाइन्छ ।

राई, सुमिता (२०६९) द्वारा कक्षा नौ मा ***कथा शिक्षण गर्दा प्रयुक्त विधिहरूको अध्ययन*** नामक शोधपत्रमा नेपाली कथा शिक्षणका निमित्त प्रयोग गरिँदै आएका विविध विधिहरूको उल्लेख गर्नुका साथै कथाबाट भाषिक सीप विकासका लागि गरिएको क्रियाकलापहरूको पनि चर्चा गरिएको छ । यस्तै प्रस्तुत शोधकार्यका लागि इलाम र पाँचथर जिल्लाहरूमध्येबाट ५ वटा सरकारी विद्यालय र ५ वटा निजी विद्यालयमा शिक्षण गर्ने १० जना नेपाली विषयका शिक्षकहरूलाई प्रतिनिधित्व गरी प्रत्यक्ष रूपमा कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारामका आधारमा कक्षा नौ को कथा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधि तथा क्रियाकलापहरूको चर्चा पनि गरिएको छ ।

यसरी कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापसम्बन्धी सूक्ष्म खोज गर्दा विभिन्न पुस्तकहरूमा विभिन्न विधाका कार्यकलापहरूको उल्लेख भएको पाइयो । यसरी पूर्वकार्यको अध्ययन गर्दा नेपाली भाषासँग सम्बन्धित विविध शीर्षकमा, साहित्यका विविध विधाहरूमा, विभिन्न तह कक्षासँग सम्बन्धित भएर कक्षा शिक्षणमा अपनाइएका विधिको अध्ययनमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरू र कार्यकलापहरू तथा सरकारी र संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका शिक्षण विधिको अध्ययन भएको पाइयो ।

कथा शिक्षणसँग निकट शोधपत्रहरू पनि प्रशस्त मात्रामा भेटियो तर पनि धेरैजसो अनुसन्धान गुणात्मकताका दृष्टिले कमजोर भएको पाइयो । पूर्वकार्यका कतिपय अध्ययनमा कक्षा-नौं मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको पहिचान गर्ने, शिक्षकले कथा शिक्षणमा कुन-कुन विधिको प्रयोग गरेका छन्, ती शिक्षकहरूद्वारा अपनाइएका शिक्षण विधिहरू कथा विधा शिक्षण कक्षाको स्तरअनुरूप प्रयुक्त छन् कि छैनन्, शिक्षकले प्रयोग गरेका कथा शिक्षण विधिहरू सम्बन्धित विधाको उद्देश्य पूरा हुन्छ कि हुँदैन भन्ने कुराको अध्ययन भएको देखिएन त्यसमा पनि मोरङ बयरवन गा.वि.स.मा अवस्थित विद्यालयहरूका कक्षा-नौं मा कथा शिक्षण गर्दा अपनाइएका विधिहरूको अध्ययन सम्बन्धमा आजसम्म कुनै पनि अध्ययन फेला नपरेकाले गर्दा प्रस्तुत अध्ययनलाई गहन रूपमा अध्ययन अनुसन्धान गरी तथ्यपरक र गुणात्मक बनाउने हेतुले यस अध्ययनलाई विशेष सान्दर्भिक ठानिएको हो ।

## २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता

साहित्य भाषाको विशिष्ट रूप हो । जब साहित्यमा प्रयोग गरिन्छ सो भाषाले विशिष्टता प्राप्त गरेको हुन्छ । भाषा शिक्षणमा पनि साहित्यको उपयोगलाई निकै महत्त्वपूर्ण मान्न सकिन्छ । भाषा शिक्षणको मूल प्रयोजन भनेको नै भाषाका आधारभूत सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । साथै शब्दभण्डार शिक्षण तथा बोध र अभिव्यक्तिको पक्षलाई पनि महत्त्वपूर्ण मानिन्छ । यस्ता विविध पक्षहरूको विकासका निमित्त साहित्यको उपयोगलाई ज्यादै महत्त्वपूर्ण मानिन्छ । यस्ता साहित्यले विद्यार्थीको पठन क्षमताको विकास गराएसँगै विद्यार्थीहरूमा पढ्ने अभिरुचि बढ्नका साथै यस्ता साहित्यिक सामग्री खोज्ने बानीको विकास गराएको पनि पाइन्छ ।

बोध क्षमता बढ्नका साथै शब्दभण्डारको वृद्धि समेत हुन्छ । यसले लेख्य अभिव्यक्तिमा समेत स्तरीयता थप गर्नुका साथै लेखाइ बोलाइ अभिव्यक्ति शैली वा प्रस्तुतीकरणका क्षेत्रमा पनि प्रभावकारी र महत्वपूर्ण चमत्कार ल्याउन सफल विधाको रूपमा मानिन्छ ।

साहित्यका कविता, कथा, निबन्ध, रूपक, उपन्यास आदि विविध विधाहरू छन् । ती हरेक विधाहरूका आ-आफ्नो वैशिष्ट्य हुन्छ । कविता काव्यत्मक, लयात्मक हुनु, कथा आख्यानात्मक हुनु, रूपक अभिनेयात्मक किसिमको हुनु तथा उपन्यासमा चरित्रको


आख्यानीकरणको माध्यमबाट प्रस्तुति हुनु विधागत वैशिष्ट्य हुन् । विधागत वैशिष्ट्यता अनुसार शिक्षण गरे मात्र शिक्षणमा प्रभावकारिता ल्याउन सकिन्छ ।

प्रस्तुत शोधकार्य कक्षा नौं मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिमा आधारित भएर गरिएको अध्ययन भएकाले कथा शिक्षणमा अवलम्बन गरिदै आएका वर्णनात्मक, व्याख्यात्मक, प्रश्नोत्तर, छलफल, अभिनयात्मक विधिहरूलाई शिक्षकहरूले विद्यार्थीहरूको तह स्तरअनुसार प्रयोग गर्ने सम्बन्धमा अध्ययन अनुसन्धानका निमित्त साहित्यको पुनरवलोकनले थप सहयोग पुऱ्याएको पाइन्छ ।

## २.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा

कथा निकै लोकप्रिय विधा हो । परापूर्व कालदेखि आजको वर्तमानसम्म आइपुग्दा कथाको लोकप्रियता पनि चुलिँदै गएको पाइन्छ । कथालाई व्याकरण, शब्दभण्डार, बोध र अभिव्यक्ति र सिर्जनात्मक लेखनका दृष्टिले पनि निकै उपयोगी विधाको रूपमा मानिन्छ । फलस्वरूप कथा विधा आज आएर तल्ला तहका देखि माथिल्लो तहका पाठ्यपुस्तकहरूका निमित्त पनि उत्तिकै उपयोगी बनेको छ । कथा शिक्षण विधि विद्यार्थीहरूको तह र स्तर अनुसार फरक हुने छ ।

प्रस्तुत शोधकार्य कक्षा नौं मा कथा शिक्षण गर्दा अपनाइएका विधिसँग सम्बन्धित रहेको छ । कक्षा नौं का कथा शिक्षणका क्रममा विद्यार्थीहरू स्पष्ट रूपमा कथाको धारणा बसाल्न सक्ने भएकाले विद्यार्थीहरूले कथाको घटनाक्रमलाई मिलाउन विचार गर्न, संवेगात्मक अनुभूति र कल्पनाशक्ति विकास गर्न समेत सक्षम हुन्छन् । अन्य विधाहरूको तुलनामा कथा विधा पढ्नमा रुचि जाग्ने, मनोरञ्जन र आनन्द दिने किसिमको हुने हुनाले पनि यो विधालाई शिक्षितदेखि अशिक्षित सम्मका लागि पनि उपयोगी मानिन्छ । यस कथा विधाले सिकारुको सिर्जनात्मक क्षमताको विकास गर्ने भएकाले नयाँ-नयाँ लेख रचना तयार पार्नका लागि पनि एकदमै उपयोगी मानिन्छ । उल्लिखित शोधकार्य पूरा गर्न भनी निम्नलिखित अध्ययनको ढाँचा अवलम्बन गरिएको छ :




उल्लिखित प्रस्तुत शोधकार्य कक्षा नौं मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधि अध्ययन सन्दर्भमा रहेको छ । जुन शोधकार्य वयरवन गा.वि.स.मा अवस्थित विद्यालयहरूमध्ये माध्यमिक तहका ५ वटा सरकारी र ५ वटा संस्थागत गरी १० वटा विद्यालयहरूको छनोटमा सीमित रहेको छ । ती छनोट गरिएका विद्यालयहरूमा नेपाली विषय अध्यापनरत १० जना शिक्षकहरूको प्रतिक्रिया लिनका लागि शिक्षक प्रश्नावली फाराम र शिक्षण गतिविधिलाई नजिकैबाट नियाल्नका निमित्त कक्षा अवलोकन फाराम प्रक्रिया अवलम्बन गरिएको छ । उक्त शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फाराम प्रक्रियाबाट प्राप्त प्रतिक्रिया अनुसार कक्षा नौं मा कथा शिक्षण गर्दा शिक्षकद्वारा अपनाइएका कथा शिक्षण विधिहरूलाई पनि उल्लेख गरिएको छ ।

अन्त्यमा नेपाली विषयक शिक्षकहरूले कथा शिक्षणका क्रममा अपनाइएका शिक्षण विधिहरूको स्थिति र उपलब्धि स्तरलाई समेत प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

मोरङ जिल्ला बयरवन गा.वि.स.मा अवस्थित विद्यालयहरूले कक्षा नौं मा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिका बारेमा गरिएको यस अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचा अन्तर्गत रही गरिएको छ । यसद्वारा अध्ययन क्षेत्रको शिक्षण गतिविधिलाई प्रस्तुत गरिने हुँदा शिक्षणमा भए गरेका र शिक्षणमा थप कुन कुन विधि तथा कार्यकलापहरूमा सुधार गर्नु पर्ने हो, सो बारेमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई सही मार्ग निर्देशका लागि थप सुधारात्मक सल्लाह तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

अनुसन्धान कार्यमा अध्ययन विधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । अध्ययनका क्रममा प्रयोग गरिएका विधिहरूले नै अध्ययनलाई प्रभावकारी र लक्ष्यपूर्ण बनाउन सकिन्छ । प्रस्तुत शोधकार्यमा सम्बन्धित क्षेत्रमा गई विभिन्न विधिहरू अङ्गीकार गरी तथ्य सङ्कलन र तिनको व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यका निमित्त सम्बन्धित विद्यालयहरूमा गई नेपाली विषयक शिक्षकहरूलाई प्रश्नावली फाराम भराएर मूलतः कक्षा अवलोकन विधिमा केन्द्रित रहनुका साथै आंशिक रूपमा पुस्तकालयीय विधिमा सीमित रही प्रस्तुत शोधकार्य गरिएको छ ।

## ३.२ जनसङ्ख्या नमुना र नमुना छनोट रणनीति

प्रस्तुत शोधकार्यका लागि मोरङको बयरवन गा.वि.स. मा अवस्थित विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई लिइएको छ । यस शोधकार्य मोरङ बयरवनमा अवस्थित ५ वटा सरकारी र ५ वटा संस्थागत विद्यालयहरूमा कक्षा नौं मा नेपाली भाषा शिक्षण गर्ने प्रत्येक विद्यालयका १-१ गरी जम्मा १० जना शिक्षकहरूलाई नमुनाको रूपमा लिइएको छ ।

कुनै पनि अनुसन्धानले हरेक गाउँठाउँहरूमा भए गरेका आ-आफ्नो महत्त्वलाई जानकारीमा ल्याउने गर्दछ । त्यस्तै यो शोधकार्यले पनि मोरङ बयरवन गा.वि.स.मा अवस्थित विद्यालयहरूको गतिविधिलाई प्रस्ट रूपमा जानकारी गराउन सकोस् भन्ने हेतुले

यसै ठाउँलाई उपयुक्त मानिएको हो । साथै शोधकार्यमा कुनै पनि स्थितिमा समयको अभाव, आर्थिक कठिनाइ नहोस्, सहज होस भन्नका लागि र अध्ययनको क्रममा स्थलगत रूपमा प्रत्यक्ष अवलोकन गरी शोधकार्यलाई पूरा गर्नका निमित्त यसै ठाउँ सुविधाजनक हुने वा शोधकर्ता स्वयम यसै ठाउँको बासिन्दा भएकाले गर्दा अध्ययनलाई समस्यामूलक नबनाई सुविधायुक्त तरिकाबाट पूरा गर्नका लागि भनेर पनि यसै गा.वि.स. लाई प्रस्तुत शोधकार्यमा छनोट योग्य मानिएको छ ।

प्रस्तुत शोधकार्यका लागि बयरवन गा.वि.स.का १० वटा विद्यालयहरूमा गई अध्ययन गरिएको छ । त्यसैले यस अध्ययन विशेषत नेपाली भाषा शिक्षणका शिक्षकहरूलाई नै मापदण्डको पहिलो आधारको रूपमा छनोट गरिएको छ । सरकारी तथा संस्थागत दुवै विद्यालयको शिक्षकहरूको योग्यताका आधारमा विविध भाषा शिक्षणसम्बन्धी तालिम तथा अनुभव भए नभएको र अन्य सीपहरूको क्षमता के कस्तो छ, त्यस आधारमा पनि अध्ययन अनुसन्धान गर्नका लागि यस शोधकार्यलाई महत्त्वपूर्ण मानिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत शोधकार्य मोरङ बयरवन गा.वि.स.मा अवस्थित कक्षा नौं का विद्यालयहरूमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन सम्बन्धमा तयार पारिएको छ । प्रस्तुत अध्ययन कथा शिक्षण विधिमा आधारित हुने भएकाले सम्बन्धित क्षेत्रको स्थलगत रूपमा ५ वटा सरकारी र ५ वटा संस्थागत विद्यालयहरूमा गई १० जना नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूको कक्षा अवलोकन र अन्तर्वार्तामा सीमित रहेर शोधकार्य पूरा गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

प्रस्तुत अध्ययनमा प्राथमिक श्रोतका रूपमा शोधकर्ता सम्बन्धित ठाउँमा आफैं उपस्थित भएर तथ्याङ्कको सङ्कलन गरिएको छ । उक्त क्रममा मोरङ बयरवनका आसपासमा रहेका ५ वटा सरकारी र ५ वटा संस्थागत मा.वि. तहका विद्यालयहरूमा नेपाली भाषा शिक्षणका शिक्षकहरूलाई प्रश्नावली फाराम भराएर तथा प्रत्यक्ष रूपमा कक्षा अवलोकन गरेर शोधकार्यका निम्ति तथ्याङ्क सङ्कलन गरिएको छ । यसका साथै आंशिक रूपमा पुस्तकालयीय अध्ययन विधिमा पनि सीमित रहेर अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधकार्यलाई प्रभावकारी र तथ्यपूर्ण बनाउनका लागि स्थलगत रूपमा प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसका साथै नेपाली विषयका शिक्षकहरू, शोधकार्य पूरा गरेका अग्रजहरूसँगको थप सल्लाह, सुझाव, अन्य पाठ्यपुस्तकहरूको अध्ययन र सम्बन्धित साहित्यको पुनरवलोकन खोज अध्ययन कार्यहरूको सहयोग स्वरूप थप तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

प्रस्तुत शोधकार्य मोरङ बयरवन गा.वि.स. मा अवस्थित मा.वि. तहका ५ वटा सरकारी र ५ वटा संस्थागत गरी १० वटा विद्यालयहरूको १० जना नेपाली शिक्षण गर्दै आएका शिक्षकहरूलाई प्रश्नावली फाराम र कक्षा अवलोकनमा सीमित रही अध्ययन गरिएको छ ।

### ३.५.१ शिक्षक प्रश्नावली फाराम

प्रस्तुत शोधकार्य शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कको आधारमा व्याख्या विश्लेषण गरी तयार पारिएको छ । उक्त प्रश्नावली फाराममा कक्षा ९ मा कथा शिक्षण गर्दा बनाइका पाठयोजना, कथा शिक्षणको उद्देश्य, कथा शिक्षण विधि, सामग्री , मूल्याङ्कनको साधन र गृहकार्य जस्ता विविध गतिविधिहरूलाई समावेश गरी शिक्षकहरूको प्रतिक्रिया लिनका निमित्त शिक्षक प्रश्नावली फाराम यस अध्ययनमा भराइएको छ ।

### ३.५.२ कक्षा अवलोकन फाराम

शिक्षकले सैद्धान्तिक रूपमा शैक्षिक प्रश्नावली फाराम भराउने क्रममा दिइएका उत्तरहरूलाई कक्षाकोठामा व्यावहारिक रूपमा प्रयोग गरे-नगरेको के कस्तो अवस्था छ , त्यसै प्रश्नावलीसँग मिल्दा शीर्षकहरूमा कक्षा अवलोकन गरिएको छ । शिक्षकले कक्षाकोठामा सर्वप्रथम प्रस्तुत गरेको पाठको प्रारम्भ, शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोग के कस्तो भएको, शिक्षणकला उद्देश्यमुखी रहे-नरहेको आदि विषयवस्तुमा प्रस्तुत कक्षा अवलोकन गरिएको छ । जुन कक्षा अवलोकन प्रत्यक्ष रूपमा हुने हुँदा शोधकार्यका निमित्त सत्य, तथ्य सूचना तथा जानकारीहरू सङ्कलन गर्नमा यस कक्षा अवलोकन फाराम ज्यादै उपयोगी देखिएको छ ।

## ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

कुनै पनि अनुसन्धान कार्यको लागि तथ्याङ्क सङ्कलन गरिसकेपछि ती सूचना वा तथ्याङ्क व्याख्या र विश्लेषण गर्नुपर्ने हुन्छ । यस अध्ययनमा कक्षा नौं को कथा शिक्षणमा शिक्षकले अपनाइएका शिक्षण विधि र शिक्षण क्रियाकलापको अवस्था पहिचान गर्ने, शिक्षण विधिप्रति शिक्षकको धारण पत्ता लगाउने मुख्य उद्देश्य रहेको छ । ती उद्देश्य पूरा गर्नका लागि छनोटमा परेका मोरङ बयरवन गा.वि.स का ५ वटा सरकारी र ५ वटा संस्थागत विद्यालयहरूमा गई प्रत्यक्ष स्थलगत अवलोकनद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ । प्रस्तुत शोधकार्यलाई प्रभावकारी र तथ्यपूर्ण बनाउनका लागि तयार पारिने प्रश्नहरू र कक्षा अवलोकन फारामलाई छुट्टाछुट्टै रूपमा शिक्षण सम्बन्धी गतिविधि बुझ्नका लागि नेपाली विषयक अध्यापनरत शिक्षकहरूमा प्रयोग गरिएको छ, जुन नेपाली विषयक शिक्षकले के कसरी शिक्षण गरेका छन्, के-कस्तो विधिलाई अवलम्बन गरेका छन्, यसबारे पूर्ण जानकारी लिनका निमित्त गरिएको छ ।

प्रस्तुत शोधकार्यमा आवश्यक भएका तथ्याङ्कलाई महत्त्व दिइएको छ, भने अनावश्यक भएका तथ्याङ्कलाई हटाई आवश्यकताअनुरूप राखिएको छ । यसका लागि पूर्व परीक्षण गरी कुनै ५ जना नेपाली विषयका शिक्षकहरूलाई प्रश्नावली फाराम र कक्षा अवलोकन पनि गरिएको छ, र प्राप्त तथ्याङ्कको विश्लेषण पश्चात शोध निर्देशन विषय विशेषज्ञ तथा विज्ञहरूको सुझावका आधारमा प्रश्नावली र कक्षा अवलोकन फारामको आवश्यक सुधार पनि गरिएको छ ।

# अध्याय चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

## ४.१ कक्षा नौं मा कथा शिक्षणको अवस्था

प्रस्तुत शोधकार्यका लागि शोध प्रस्तावमा निर्दिष्ट उद्देश्य पूर्तिका लागि शोध विधिको स्पष्ट उल्लेख गरिएको छ । कक्षा नौं मा कथा शिक्षणको अवस्था बुझ्नका निम्ति मूलतः कक्षा अवलोकन विधिमा केन्द्रित रहने कुरा स्पष्ट उल्लेख गरिएको छ ।

यसै अनुरूप जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोटको लागि ५ वटा सरकारी र ५ वटा संस्थागत गरी १० वटा विद्यालयलाई आधार बनाई कथा शिक्षणको अवस्था बुझ्नका निम्ति प्रत्यक्ष अवलोकन र प्रश्नावली शोधार्थी स्वयम्बाट गरिएको थियो । कक्षा अवलोकनका निम्ति संस्थागत तर्फ १ वटा र सरकारीतर्फ २ वटा विद्यालयलाई पूर्व जानकारी दिइएको थिएन भने अन्य सबै विद्यालयलाई पूर्व जानकारी दिइएको थियो । यसै क्रममा अवलोकित कक्षाका तथ्यहरूलाई अवलोकन फाराममा सूक्ष्म रूपमा टिपोट गरिएको थियो, जुन २०७१-१०-२७ देखि २०७१-१२-५ गते सम्म बयरवन गा.वि.स. अवस्थित संस्थागत ५ वटा र सरकारी ५ वटा गरी १० वटा विद्यालयहरूमा कक्षा अवलोकन र प्रश्नावली फाराम विधिबाट प्राप्त कक्षा-नौं मा कथा शिक्षण गर्दा अवलम्बन गरिएका प्रयुक्त विधिहरूको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ । कक्षा अवलोकनका लागि चयन गरिएको विद्यालय र सम्बन्धित शिक्षकहरूको नामवली पनि समावेश गरिएको छ ।

## ४.२ कक्षा नौं मा कथा शिक्षणको प्रयोजन

साहित्यिक क्षेत्रका साथै व्याकरण, शब्दभण्डार, बोध तथा अभिव्यक्ति र सिर्जनात्मक लेखनका दृष्टिले पनि कथा विधालाई निकै उपयोगी मानिन्छ । भाषा शिक्षणमा विधा शिक्षणका उपयोग साधनका रूपमा मात्र गरिन्छ, त्यसै क्रममा कथाको प्रयोग पनि भाषिक सीप विकासको साधन वा माध्यमका रूपमा गरिएको हुन्छ । कथा शिक्षणको प्रयोजन विद्यार्थीहरूमा स्पष्ट एवम् क्रमिक रूपले घटनाक्रम मिलान गर्न सक्ने, विचार गर्न सक्ने, कथा बोधबाट उत्पन्न हुन सक्ने संवेगात्मक अनुभूति, कल्पनाशक्तिको विकास गर्नु हो । यसका अतिरिक्त विद्यार्थीमा विभिन्न विषय ज्ञान तथा प्रयोग गर्ने सुझावको विकास गर्नु हो ।

कथा शिक्षण प्रयोग गर्दा पाठ्यवस्तुको चयनले पनि निकै महत्त्व राखेको हुन्छ । विविध भाषिक ज्ञान, सीप, व्यावहारिक लेखन तथा बोध र अभिव्यक्ति सीप एवम् सिर्जनात्मक लेखनको विकास गर्ने प्रयोजनका निम्ति पनि कथा विधाको पाठबाट सस्वरवाचन र शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, सारांश कथन र लेखन, विषयवस्तु सम्बन्धी छलफल र प्रश्नोत्तर, घटना वर्णन र कथा लेखन, सम्बद्ध व्याकरण तथा शब्दभण्डारको अभ्यास जस्ता पाठ्यवस्तुहरू चयन गर्न सकिन्छ । यसका साथै माध्यमिक तहका लागि विवेचनात्मक उत्तर, पाठगत सङ्क्षिप्त प्रश्नोत्तर, सप्रसङ्ग व्याख्या, समस्यामूलक तार्किक लेखन, कथा वा जीवनी लेखन एवम् शब्दार्थ, वाक्यमा प्रयोग, व्याकरण र शब्दभण्डार लेखन जस्ता पक्षमा कथा विधाबाट सोधिन सकिने प्रश्नहरू भएकाले पनि कथा शिक्षणको प्रयोजनमा ती पक्षलाई छुट्याउन सकिँदैन । यसै गरी जीवन-जगत्का बाह्य एवम् आन्तरिक पक्षको बोध गराउनु, साहित्यिक आस्वादन प्रदान गराउनु, नैतिक उपदेश प्रदान गराउनु, चरित्र निर्माणमा सघाउनु, सिर्जनाशक्ति बढाउनु, कल्पनाशक्ति बढाउनु, तार्किकशक्तिको विकास गराउनुका साथै विश्लेषणात्मक प्रतिभाको विकास गराउनु पनि कथा शिक्षणको प्रमुख प्रयोजन हो ।

## ४.३. कक्षा नौं मा कथा शिक्षण गर्दा अवलम्बन गर्न सकिने शिक्षण विधिहरू

नेपाली पाठ्यपुस्तकमा कथा विधा शिक्षणलाई महत्त्वका साथ प्रस्तुत गरिएको छ । विविध विषयमा आधारित कथा विधा शिक्षण भाषिक सीप तथा क्षमता विस्तारका साथै सिकाइलाई रोचक र प्रभावकारी बनाउने एउटा घनिभूत विषय हो । साहित्यका अन्य विधाहरूभन्दा प्रौढ मानिने कथा विधा भाषिक संरचनात्मक ज्ञानका लागि पनि अत्यन्तै उपयोगी विधा हो । साहित्यका विविध विधाहरूमा ती विधा विशेषको प्रकृति तथा प्रयोजन अनुरूप बेग्लाबेग्लै किसिमका शिक्षण विधिहरू हुने गर्दछन् । विविध उद्देश्यहरू वा प्रयोजनहरू उपयुक्त तवरबाट परिपूर्ति गर्नका निमित्त विविध शिक्षण विधिहरू हुन्छन् ।

कथाको प्रकृति अनुसार कथाको स्तरअनुसार उपयुक्त हुने किसिमको शिक्षण विधि छनौट गरी शिक्षण गर्नुपर्दछ । सबै कक्षा र सबै तहहरूमा एकै किसिमका शिक्षण विधि प्रयोग गरेर शिक्षण गर्नु उपयुक्त हुँदैन, तसर्थ कथा शिक्षणका उद्देश्य तथा प्रयोजनलाई ख्याल गरेर कथाको प्रकृति, विद्यार्थीको स्तरअनुसार कथा शिक्षणका उपयुक्त विधिहरू छनोट गरी शिक्षण गर्दा सिकाइ उपयुक्त, प्रभावकारी हुनुका साथै समय र श्रमको पनि सही

सदुपयोग हुन्छ । नेपाली पाठ्यपुस्तकमा कथा विधाको जति महत्त्व रहेको हुन्छ, त्यति नै विषयक शिक्षकले अपनाइएका विधिहरूको हुनु जरुरी हुन्छ । यसै क्रममा कक्षा नौं मा कथा शिक्षण गर्दा कक्षाकोठामा शिक्षकले अवलम्बन गर्न सकिने शिक्षण विधिहरू निम्नानुसार प्रस्तुत गरिएका छन् :

**क) व्याख्यान विधि**

हाम्रा विद्यालयमा परम्परागत रूपमा व्याख्यान विधि ज्यादै प्रचलित र प्रयोग गरिएको विधि हो । शिक्षकले पाठको प्रकृति हेरी कक्षामा आवश्यकता अनुसार व्याख्या गर्ने विभिन्न दृष्टान्तअनुसार विषयवस्तुको प्रस्तुति गर्ने विद्यार्थीहरूको ध्यानाकर्षण गर्ने तरिकालाई व्याख्यान विधि भनिन्छ ।

शिक्षक निकै सक्रिय रहने भएकाले यसलाई शिक्षक केन्द्रित विधि समेत भन्न सकिन्छ । व्याख्यान विधि छोटो समयमा धेरै विषयवस्तुको शिक्षण गर्न सकिने एक प्रभावकारी विधि हो । यस विधिद्वारा विद्यार्थीहरूलाई खास धारणाको विकास गराउन वा आफ्नै शब्दमा व्याख्या र विश्लेषण गर्ने मौलिक विकास गराउनमा पनि सहयोग पुऱ्याउँदछ ।

**ख) छलफल तथा प्रश्नोत्तर विधि**

कुनै विषय, समस्या वा प्रश्नमा सामुहिक रूपमा विचारको आदन-प्रदान गरिएको विधिलाई छलफल विधि भनिन्छ । कक्षाका विद्यार्थीहरूलाई समूह-समूहमा विभाजन गरी वा एउटै समूहमा कुनै जटिल समस्या दिएर त्यसको समाधान वा निष्कर्ष निकाल्न लगाउने यो शिक्षण विधि निकै प्रभावकारी मानिन्छ । यस विधिमा शिक्षक र विद्यार्थी दुवै सहभागी भए पनि विशेषतः विद्यार्थीहरू नै बढी सक्रिय हुन्छन् । कुनै पनि विषयवस्तुको विस्तृत ज्ञान, सीप, धारणा दिनका लागि यो विधि उपयुक्त हुन्छ ।

प्रश्नोत्तर विद्यार्थी केन्द्रित शिक्षण विधि हो । यस विधिमा विद्यार्थीहरूलाई सर्वप्रथम मौन पठन गर्न लगाइन्छ । यस पश्चात् सामूहिक वा व्यक्तिगत रूपमा प्रश्न गरिन्छ, यसरी कक्षाकोठामा प्रश्नोत्तर गर्दा मौखिक वा लिखित दुवै रूपमा गरिन्छ । यसरी विद्यार्थीहरूबाटै सिकेका ज्ञान, सीपको मूल्याङ्कन गरिएको हुँदा प्रश्नोत्तर विधिलाई दीर्घकालीन शिक्षण विधिका रूपमा लिइन्छ । यो विधि बोध, शब्दभण्डार भाषातत्त्व आदिको अभ्यास गराउन विद्यालय तहमा उपयुक्त भए पनि महाविद्यालय तहका लागि अझ उपयोगी देखिन्छ ।

यस विधिअन्तर्गत कथाको व्याख्यानपछि विद्यार्थीहरूलाई अनेक तरिकाले छलफलमा संलग्न लगाइन्छ । विद्यार्थीहरूलाई समूह निर्माण गरेर वा अनेक वर्गमा विभाजन गरेर वा वैयक्तिक रूपमा निर्दिष्ट कथा पढ्न लगाई कथाका महत्त्वपूर्ण विषयवस्तु, विचार, घटना, प्रस्तुति, भाषाशैली, संरचनाबारे प्रश्नोत्तर, छलफल गराउन सकिन्छ ।

**ग) पठनबोध विधि**

पठनबोध विधिमा विद्यार्थीहरूलाई कथा बुझ्ने गरी मौनपठन पश्चात् कथाभित्रका सरल वा छोटा प्रश्न सोधी उत्तर दिन पनि लगाइन्छ । पठनबोध विधिमा कथा पढी त्यसको सारांश भन्न वा लेख्न, प्रश्नोत्तर गर्न, बुँदा टिपोट गर्न, घटनाक्रम मिलाउन, विशिष्ट पङ्क्ति र विशिष्ट पदावलीको अर्थ बताउन लगाउन सकिन्छ । प्रश्नोत्तर गराउँदा सोधिने प्रश्न विभिन्न तहका विषयवस्तु सङ्कलन र भाषाका अन्य पक्षहरू समेट्ने  खालको हुनुपर्दछ ।

पठनबोधको मुख्य प्रयोजन कुनै लेख्य अभिव्यक्तिगत तथ्य, विचार वा भाव पक्रेर आफ्नो प्रतिक्रिया व्यक्त गर्न सक्ने क्षमताको विकास गर्नु हो । पठनबोध विधि विद्यार्थीको पठनकला विकासका लागि आधारशीला पनि हो । यस विधिमा बोधसम्बन्धी आवश्यक क्रियाकलापहरू (कथा पढी सारांश भन्न लगाउने बुँदाहरू टिप्न लगाउने, विशिष्ट पद वा पदावलीको अर्थ बताउने आदि) गराइने हुनाले पनि यस पठनबोध विधि कथा शिक्षणका लागि निकै प्रभावकारी मानिन्छ ।

**घ) प्रतिवेदन प्रस्तुति विधि**

प्रतिवेदन प्रस्तुति विधि शिक्षकले सहकार्यका रूपमा  पाठ्यकथाका विविध पक्षहरू पहिल्याउने र सोदाहरण पुष्टि गर्ने दृष्टिले उही कथाका, उही लेखक वा कथाकारका अन्य कथा वा अन्य भाषाका कथा, तिनको विवेचना र अन्य सन्दर्भहरू समेतको अध्ययन गरी पाठ्यकथाको मूल्याङ्कन, विश्लेषण गरी तयार पारिएको प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाई त्यसबारे टीकाटिप्पणी गर्ने गराउने महत्त्वपूर्ण विधि हो । यस विधिबाट कृतिहरूको अध्ययन, खोज र अनुसन्धान गर्ने जस्ता बानीको विकास हुन्छ ।

यस विधिमा विद्यार्थीहरूलाई विभिन्न समूह बनाई वा व्यक्तिगत रूपमा पाठ्यकथा पढी त्यसका विभिन्न विशेषताहरू वा महत्त्वपूर्ण पक्षहरू आदि पहिल्याउन र सोदाहरण पुष्टि गर्न लगाई त्यसको प्रतिवेदन तयार गर्नका लागि शीर्षकचयन, सामग्री सङ्कलन र

प्रभावकारी भाषाशैलीको प्रयोग गर्नमा समेत विद्यार्थीहरूलाई सहयोग मिल्ने भएको कारण पनि यो विधिको कथा शिक्षणमा महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

**ङ) लेख प्रस्तुति विधि**

कथा शिक्षण क्रममा विद्यार्थीलाई सर्वप्रथम कथा सस्वर र मौनपठन पश्चात् कथाको कुनै एक पक्षका बारेमा विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाई लेख लेख्न दिएर कक्षामा प्रस्तुत गरेपछि अरू विद्यार्थीहरूबाट टीकाटिप्पणी गर्न लगाइ अन्त्यमा शिक्षकले आवश्यक संशोधनसहित निष्कर्ष दिनुपर्छ । लेख प्रस्तुतीकरण विधि माथिल्ला कक्षामा लागि मात्र उपयोगी हुन्छ ।

यो विधि सृजनात्मक लेखनका लागि निकै उपयुक्त हुन्छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु वा समस्याहरू दिएर उनीहरूलाई उक्त विषयवस्तुका बारेमा लेख्न लगाई कमीकमजोरीहरू भएको ठाउँमा सुधार्न लगाएको खण्डमा विद्यार्थीहरूको सृजनात्मक लेखनको विकास हुनुका साथै स्वतन्त्र रूपले विषयवस्तु लेख्ने क्षमताको समेत विकास हुन्छ । लेख प्रस्तुतीकरण विधिमा विद्यार्थीहरूलाई कथाको कुनै एक पक्षबाट विस्तृत रूपमा लेख्न लगाई कक्षामा प्रस्तुत गराइन्छ र त्यस लेखमाथि टीकाटिप्पणी गर्न लगाइन्छ, त्यहाँ पाइने त्रुटिहरूलाई शिक्षकद्वारा सच्याइन्छ । यसबाट विद्यार्थीहरूमा कथाको कस्तो प्रभाव कुन मात्रामा परेको छ, इत्यादि कुराको जानकारी समेत प्राप्त हुनका साथै विद्यार्थीको स्मरण क्षमताका साथै लेखन क्षमतामा पनि सहयोग मिल्ने कारण यो विधि प्रभावकारी मानिन्छ ।

**च) अभिनय विधि**

कुनै पनि विषयवस्तुलाई अथवा अनुभव र क्रियाकलापलाई नाटकीय तरिकाले अभिनय गरेर कक्षामा शिक्षण गर्ने विधिलाई अभिनय विधि भनिन्छ ।

यस विधिमा विषयवस्तुको स्वरूप र प्रकृतिअनुसार शिक्षक र विद्यार्थी दुवैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ तर भूमिका निर्वाह विधिमा शिक्षकले सानो नमुना प्रदर्शन गरेर देखाइसकेपछि विद्यार्थीहरूलाई नै बढी प्रोत्साहित र निर्देशित गर्नुपर्दछ । यो विधिमा विद्यार्थीहरू एकातिर सक्रिय हुने हुनाले सिकाइ कार्यमा लाग्छन् भने अर्कातिर भूमिका स्वयम् आफैँले गर्ने र देख्ने भएकाले गर्दा यस शिक्षण कार्य प्रेरणादायी, दीर्घकालीन, अर्थपूर्ण र प्रभावकारी हुन्छ ।

**छ) कथाकथन विधि**

कक्षाकोठामा विद्यार्थीहरूलाई आकर्षक रूपमा कथा सुनाएर वा विद्यार्थीहरूले नै सुनेका, पढेका कथाहरू भन्न लगाएर कथाकथन गरिन्छ ।

यस विधिमा कक्षाकोठामा विद्यार्थीहरूलाई समसामयिक विषय चर्चित व्यक्ति वा घटनालाई कथाको विषयवस्तुको रूपमा लिएर शिक्षार्थीहरूलाई आकर्षक रूपमा कथा सुनाइन्छ, तत्पश्चात् विद्यार्थीहरूलाई शिक्षकले भनेजस्तै किसिमका कथा भन्न प्रोत्साहन गरिन्छ । कक्षाकोठामा विद्यार्थीहरूलाई उनीहरूले नै सुनेका, पढेका कथाहरू भन्न लगाई, एक जनाले भनेको कथा पुनः अर्कोलाई भन्न लगाइ उसले अगाडिको साथीले भनेको भन्दा कति फरक ढङ्गले भन्दै गइरहेको छ, सो कुरा अन्य विद्यार्थीहरूलाई ठम्याउन पनि लगाई विद्यार्थीहरूलाई रोचक तरिकाबाट कथाकथन विधिद्वारा कथा शिक्षण गर्न सकिन्छ ।

यसरी विद्यार्थीहरूलाई शिक्षण कार्यको बिच-बिचमा प्रश्नोत्तर पनि गरिँदै गइन्छ । अन्ततः शिक्षकले कथाको सारांश बताइदिएर उनीहरूलाई तत्पश्चात कथा बताउन लगाउँदै यो शिक्षण गरिएको हुँदा विद्यार्थीहरू बढी सक्रिय हुने भएकाले पनि यस विधिलाई निकै प्रभावकारी देखिन्छ ।

**ज) प्रदर्शन विधि**

कक्षाकोठामा विद्यार्थीहरूलाई पाठसँग सम्बन्धित कुराहरू देखाइ तिनीहरूको राम्रोसँग वर्णन गरी त्यस सम्बन्धी ज्ञान, धारणा र अनुभव प्रदान गर्ने पद्धतिलाई प्रदर्शन विधि भनिन्छ ।

प्रदर्शन विधिद्वारा पढाउँदा शिक्षकले पाठसँग सम्बन्धित विभिन्न किसिमका शैक्षिक सामग्रीको निर्माण गरी उक्त शैक्षिक सामग्रीका आधारमा व्याख्या विश्लेषण गर्नुपर्ने हुँदा बढी सक्रिय हुनुपर्दछ भने विद्यार्थी निष्क्रिय अवस्थामा सुनिरहेका हुन्छन् । त्यसैले यो विधिलाई पनि शिक्षककेन्द्रित विधि भनिएको हो । शिक्षककेन्द्रित विधि भए तापनि उचित शैक्षिक सामग्रीको प्रयोगद्वारा कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलाप रोचक बनाउन सकिने भएकाले कथा शिषण गर्दा व्याख्यान विधि भन्दा यो प्रदर्शन विधिलाई नै प्रभावकारी शिक्षणका लागि यस प्रदर्शन विधि नै बढी रोचक र आकर्षक भई बालबालिकाहरूले

सजिलैसँग विषयवस्तुको बारेमा ज्ञान हासिल गर्न सकिने भएकाले पनि यस शिक्षण विधिलाई महत्त्वपूर्ण विधिको रूपमा लिएको पाइन्छ ।

**झ) समीक्षा विधि**

यस विधिमा सम्बन्धित कथाका निर्दिष्ट आधारहरू बनाइ विद्यार्थीहरूलाई गुणदोष पहिल्याउन लगाइन्छ । यस विधिमा विद्यार्थी सहभागिता बढी हुने र शिक्षकको भूमिका गौण हुने हुँदा प्रायः उच्च कक्षाका लागि यस विधिलाई उपयुक्त मानिएको हो ।

यस विधिमा पाठ्यकथाका भाव वा विचार प्रस्तुति, भाषाशैली, कला आदि विभिन्न पक्षको तुलना, विश्लेषण, छलफलजस्ता तरिकाले समीक्षा गरिन्छ । जसले गर्दा कथाका विविध पक्षहरूका आधारमा गुण-अवगुण पहिल्याउनका साथै त्यसलाई समालोचनात्मक ढङ्गबाट खण्डन गर्न सक्ने सीप विकासमा यो विधिले सहयोग पुर्‍याउँदछ । त्यसैले कथा शिक्षणमा समीक्षा विधिको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

**ञ) तुलना विधि**

तुलना विधिमा कुनै कथासँग सम्बन्धित अन्य कथाको तुलना गरी कथाका विभिन्न पक्षको शिक्षण गरिन्छ । यस्तो तुलना एउटै लेखक वा कथाकारका अन्य कथासँग उही भाषाका अन्य कथासँग, अन्य लेखक कथाकारका कथासँग वा अन्य भाषामा लेखिएका कथासँग विषयवस्तु, विचार र अन्य पक्षहरूलाई आधार बनाएर गर्न सकिन्छ ।

यस विधिबाट कथा शिक्षण गर्दा विद्यार्थीहरूको विवेचनाशक्तिको विकास हुने, तर्कशक्ति बढ्ने र ज्ञानको विस्तार हुने हुँदा शिक्षणका दृष्टिले यसलाई निकै महत्त्व दिइन्छ । एउटै कथाकारका विभिन्न कथाहरू, धेरै कथाकारका उस्तैउस्तै मर्म वा भाव भएका कथाहरू वा मातृभाषाका कथासँग अन्य भाषाका कथा आदिको तुलना गर्न वा समानता-असमानता पहिचान गर्न सकिन्छ । त्यसैले पनि कथा शिक्षणमा तुलना विधि ज्यादै आवश्यक मानिन्छ ।

## ४.४ बयरवन गा.वि.स. का विद्यालयहरूमा कक्षा नौं मा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरू

साहित्यका हरेक विधाहरूलाई माध्यम बनाएर मौलिक रूपमा शिक्षण गरिने गरिन्छ । साहित्यका यिनै विधा मध्येका एक महत्त्वपूर्ण विधाका रूपमा कथा विधालाई हेरिन्छ । कथा शिक्षणद्वारा विद्यार्थीहरूमा कल्पनाशक्ति र सिर्जनाशक्ति बढाउनका साथसाथै बोलाइ, लेखाइ सीपहरूको विकास गराउनमा समेत थप सहयोग पुगेको पाइन्छ ।

प्रस्तुत शोधकार्य मोरङ बयरवन गा.वि.स.मा अवस्थित विद्यालयहरूले कक्षा नौं मा नेपाली शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरू (व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, पठनबोध, अभिनय, कथाकथन) का अवस्था अध्ययन शीर्षकमा गरिएको छ । उक्त शोधकार्यमा ५ वटा सरकारी र ५ वटा संस्थागत गरी १० वटा विद्यालयहरूमा शोधकर्ता स्वयम्ले स्थलगत रूपमा गई नेपाली विषय अध्यापनरत शिक्षकहरूलाई प्रश्नावली फाराम र कक्षा अवलोकन फारामको प्रयोग गरी प्राप्त सूचना, तथ्याङ्कलाई परिमाणात्मक र गुणात्मक विधिको प्रयोग गर्दै व्याख्या र विश्लेषण गरिएको छ ।

शोधकर्तालाई प्राप्त जानकारी अनुसार सरकारी र संस्थागत विद्यालयहरूका नेपाली विषयक शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूमा रहेका समानता र भिन्नता जस्ता गतिविधिहरू बारे भएका अनुसन्धानात्मक अध्ययन र विश्लेषणलाई छुट्टाछुट्टै रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ । यसै क्रममा शोधकर्तालाई प्राप्त जानकारी अनुसार सरकारी र संस्थागत विद्यालयहरूका नेपाली विषयक शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधि अध्ययन र विश्लेषणलाई छुट्टा-छुट्टै रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.४.१ सरकारी विद्यालयका शिक्षकहरूले कक्षा नौं मा कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरू

प्रस्तुत शोधकार्य मोरङ बयरवन गा.वि.स.मा अवस्थित मा.वि. तहका ५ वटा सरकारी विद्यालयहरूमा अध्यापनरत नेपाली विषयक शिक्षकहरूले कक्षा नौं मा कथा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिमा सीमित रहि अध्ययन गरिएको छ ।

उक्त शोधकार्यद्वारा शोधकर्तालाई प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा कक्षा नौं मा कथा शिक्षणका क्रममा नेपाली विषय शिक्षकहरूले व्याख्यान, छलफल, पठनबोध र

अभिनय विधिलाई सर्वाधिक प्रयोग गरिएको पाइयो भने प्रश्नोत्तर, कथाकथन र प्रदर्शन विधिलाई भने ज्यादै न्यूनतम प्रयोग गरिएको पाइयो र कथा शिक्षणमा महत्त्वपूर्ण र अत्यावश्यक मानिने तुलना, समीक्षा, लेख प्रस्तुति र प्रतिवेदन प्रस्तुति विधिको भने प्रयोग गर्दै नगरिएको पाइयो । प्रस्तुत शोधकार्यमा प्राप्त सम्पूर्ण गतिविधिलाई प्रस्ट रुपमा निम्नानुसार चर्चा गर्ने प्रयास गरिएको छ :

#### ४.४.१.१ कक्षा अवलोकन प्रक्रिया र तथ्यको तालिकीकरण

यस शोधकार्यमा मोरङ वयरवन गा.वि.स.मा अवस्थित ५ वटा सरकारी विद्यालयहरूमा गरिएको थियो जसमध्ये २ वटा विद्यालयहरूलाई पूर्व जानकारी दिइएको थिएन भने अन्य ३ वटा विद्यालयहरूलाई पूर्व जानकारी दिई कक्षा अवलोकन गरिएको थियो । यसै क्रममा सम्बन्धित विद्यालयका नेपाली शिक्षकहरूले कथा शिक्षण गर्दा अवलम्बन गर्दै आएका विधिहरूको टिपोट गरिएको थियो । विद्यालय तथा शिक्षकलाई कुनै पनि प्रकारको वैयक्तिक प्रभाव नपार्ने किसिमले तथ्यको विवरणबाट टाढा रहन सहयोग पुगेको थियो । कक्षा अवलोकन र प्रश्नावलीको तथ्यअनुसार सम्बन्धित विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरूलाई निम्नानुसार तालिकीकरण गरिएको छ ।

तालिका नं. १ : प्रयोग गरिएका विधिहरू


| क.सं. | विद्यालयहरूको नाम, ठेगाना | व्याख्यान | छलफल | प्रश्नोत्तर | प्रदर्शन | समीक्षा | तुलना | पठनबोध | प्र.प्र. | ले.प्र. | अभिनय | कथाकथन | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री बाल मा.वि. बयरवन४ हरकपुर | √ | √ | √ | × | × | × | √ | × | × | √ | √ | ७०% | पू.सू.न. |
| २ | श्री लक्ष्मी मा.वि. वयरवन ३ | √ | √ | √ | √ | × | × | × | × | × | √ | √ | ८०% | पू.सू.दि. |
| ३ | श्री शिक्षा सदन मा.वि. बयरवन १ | √ | × | × | × | × | × | √ | × | × | √ | × | ४०% | पू.सू.न. |
| ४ | श्री जनसेवा उ.मा.वि. बयरवन ८ | √ | √ | √ | × | × | × | √ | × | × | × | √ | ५०% | पू.सू.दि. |
| ५ | श्री जन कल्याण मा.वि. बयरवन ९ | √ | √ | × | √ | × | × | √ | × | × | √ | × | ८५% | पू.सू.दि. |
| | जम्मा | १०० | ८० | ६० | ४० | - | — | ८० | - | - | ८० | ६० | - | - |

स्रोत : कक्षा अवलोकन र प्रश्नावली फाराम

कथा शिक्षणमा प्रयुक्त विधिहरूको तालिकालाई निम्नानुसार स्तम्भ रेखाचित्रबाट अझ प्रस्टसँग बुझ्न सकिन्छ :

स्तम्भ आरेख १

कथा शिक्षणमा प्रयोग गरिएका विधिहरूको स्थिति र उपलब्धि





कक्षा अवलोकनका क्रममा कक्षा नौं मा शिक्षण गरेका प्रतिनिधि सरकारी विद्यालयका शिक्षकहरूले जम्मा जम्मी ७ प्रकारका विधिहरू प्रयोग गरेको पाइयो । ती मध्ये कथाका बारेमा व्याख्या गर्ने विधिलाई नै बढी प्रयोग गरेको पाइयो भने प्रदर्शन विधिलाई केही कम प्रयोग गरेको पाइयो । पाठलाई विभिन्न दृष्टिकोणले समीक्षा गर्ने समीक्षा विधिको प्रयोग गर्ने शिक्षकहरू एकै जना पनि देखिएन । समीक्षा विधिलाई प्रयोग नै नगरिएको पाइयो । कक्षा शिक्षणका अरु विधिहरू तुलना, समीक्षा, प्रतिवेदन प्रस्तुति, लेख प्रस्तुति आदि पनि ज्यादै महत्त्वपूर्ण हुँदाहुँदै पनि यी विधिहरूको प्रयोग कसैले पनि गरेको देखिएन । कक्षा नौं मा कथा शिक्षणका क्रममा अन्य विधिहरूसँगसँगै तुलना, लेख प्रस्तुतीकरण, प्रतिवेदन प्रस्तुति विधिको

प्रयोग पनि बढी गर्नु पर्दछ जसबाट विद्यार्थीहरूले प्रश्न सोध्ने, आफ्नो विचारहरू प्रस्तुत गर्ने, कथाप्रतिको आफ्नो दृष्टिकोण लेखबाट अभिव्यक्त गर्ने अवसर पाउँछन् ।

कक्षा नौ मा कथा शिक्षण गर्दा प्रयोग गरिएका विधिहरूलाई वृत्तचित्रमा निम्नानुसार देखाउन सकिन्छ :

चित्र नं. १




उक्त वृत्तरेखाबाट कथा शिक्षणमा प्रयोग गरिएको विधिहरूको स्थितिलाई प्रस्ट बुझ्न सकिन्छ । व्याख्यान विधिको सर्वाधिक प्रयोग गरिएको र अभिनय, प्रश्नोत्तर, पठनबोध, छलफल कथाकथन विधि पनि बढी नै प्रयोग भएको देखिन्छ भने प्रदर्शन विधि ज्यादै न्यूनतम रूपमा प्रयोग गरिएको पाइयो त्यसैगरी कथा शिक्षणका अन्य विधिहरू भने प्रयोगमा नै नआएको कुरा माथिको वृत्तचित्रबाट प्रस्ट बुझ्न सकिन्छ ।

### ४.४.१.२ कथा शिक्षणमा प्रयोग गरिएका विधिहरूको प्रभावकारिताको विश्लेषण

शिक्षणको प्रभावकारिता मापन गर्ने भरपर्दो माध्यम विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण हो । कक्षा अवलोकनका क्रममा शोधार्थीबाट शिक्षकले कथा शिक्षण क्रियाकलाप गरिसकेपछि विद्यार्थी मूल्याङ्कनद्वारा प्राप्त तथ्यलाई यहाँ विश्लेषणसहित प्रस्तुत गरिएको छ :

माथि तालिका नं. १ मा उल्लेख गरिएका नं. १ का श्री बाल मा.वि. विद्यालयमा अध्यापनरत शिक्षकले ६ प्रकारका विधिहरूको प्रयोग गरेको पाइयो । ५२ जना विद्यार्थी रहेको उक्त कक्षामा कथा शिक्षण गर्दा व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, अभिनय, कथाकथन विधिहरूको प्रयोग गरेको पाइयो । यसरी शिक्षण गर्दा ७०% विद्यार्थीहरूले मूल्याङ्कनमा सही प्रतिक्रिया देखाएका थिए र विधिहरूको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरू बढी नै भए पनि विद्यार्थी सहभागिता धेरै राम्रो थियो । पूर्व सूचनाविहीन अवलोकन गरिएको कक्षा नौं का शिक्षकको शिक्षण विधि प्रयोग र विद्यार्थीको सक्रियताले गर्दा उपलब्धिपूर्ण राम्रै देखियो ।

तालिका नं. १ का नं. २  श्री लक्ष्मी मा.वि. बयरवन ३ मा अध्यापनरत शिक्षकको कक्षा अवलोकन पूर्व सूचना दिएर गरिएको उक्त कक्षाकोठामा २५ जना विद्यार्थीहरूको सहभागिता थियो । शिक्षकले कक्षाकोठामा प्रस्तुत गरेको शिक्षण प्रस्तुतीकरण विद्यार्थीलाई प्रभाव पार्ने किसिमको गरेको उक्त कक्षामा कथाशिक्षण गर्दा व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अभिनय र कथाकथन विधिहरूको प्रयोग गरेको पाइयो । अरु विधिभन्दा केही मात्रामा प्रदर्शन विधि र अभिनयात्मक ढङ्गले प्रस्तुत गरी शिक्षण गर्दा कक्षाकोठामा केही बेर उल्लासमय वातावरण देखियो । थोरै जना विद्यार्थी सहभागिता रहेको उक्त कक्षाकोठाका ८०% विद्यार्थीहरूले मूल्याङ्कनमा सही प्रतिक्रिया देखाएका थिए ।

तालिका नं. १ को नं. ३ श्री शिक्षासदन मा.वि. वयरवन १ का शिक्षकले शिक्षण गरेको कक्षाको ४०% मात्र उपलब्धि पाइयो । उनले व्याख्यान, पठनबोध र अभिनय यी तीन विधिहरूको मात्र प्रयोग गरेको पाइयो । दैनिक प्रयोगका सामग्रीबाहेक अन्य सामग्रीको प्रयोग भने देखिएन । समग्रमा हेर्दा शिक्षण क्रियाकलाप ठिकै रहेको पाइए तापनि उपलब्धि अघिल्लो अवलोकन गरिएका विद्यालयहरूको तुलनामा कमै पाइयो । यसबाट शिक्षण विधिको विविधतामा

केही कम भएको महसुस गरियो । पूर्व सूचना नदिई कक्षा अवलोकन गरिएको थियो । जुन कक्षाकोठामा विद्यार्थीको सङ्ख्या ३० जना रहेको पाइयो ।

सङ्केत नं. ४ श्री जनसेवा उ.मा.वि. वयरवन ८ मा अध्यापनरत शिक्षकबाट कक्षाकोठामा व्याख्यान, छलफल प्रश्नोत्तर,पठनबोध र कथाकथन विधिको  प्रयोग गरिएको देखियो । प्रदर्शन र अभिनय दुवै विधिलाई कक्षाकोठामा प्रयोग नगरिएको उक्त कक्षा शिक्षणका उपलब्धि  ५०% देखियो । जुन कक्षाकोठामा ५५ जना विद्यार्थीको सहभागिता रहेको थियो भने पूर्व सूचना दिएर नै कक्षा अवलोकन गरिएको थियो ।

तालिका नं. १ सङ्केत नं. ५ श्री जन कल्याण मा.वि. वयरवन ९ का कथा शिक्षणका क्रममा व्याख्यान, छलफल प्रदर्शन, पठन बोध , अभिनय आदि विधिको प्रयोग गरेको पाइयो । कक्षा शिक्षण गरिरहँदा अन्य विधि भन्दा प्रदर्शनलाई विशेष जोड दिइएको साथै विद्यार्थीहरू प्रदर्शनप्रति बढी आकर्षित देखिएका थिए । प्रदर्शन विधिप्रति आकर्षित हुनु भनेको केटाकेटीहरू विशेष गरी चित्र, तस्विर अथवा अन्य सामग्रीप्रति झुकाव राख्नु हो भन्ने कुराको पुष्टि यही कथा शिक्षणले गरेको थियो । पाठको तयारी विशेष तरिकाले राम्रो ढङ्गले, मिहिनेत गरेरै गएको पाइयो । ५० जना विद्यार्थीहरूको सहभागिता रहेको उक्त कक्षाकोठामा शिक्षकद्वारा प्रयोग प्रदर्शन र अभिनयात्मक शिक्षण विधिले कथा शिक्षण रोचक बनेको पाइयो । जहाँ पूर्व सूचना दिएर नै कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकन पश्चात् विद्यार्थी मूल्याङ्कनमा ८५% विद्यार्थीले सही जवाफ दिएका थिए । जसलाई तालिकाद्वारा  पनि देखाउन सकिन्छ :

तालिका नं. २

| स.नं. | विद्यालयको नाम | शिक्षण विधिहरू | विद्यार्थी संख्या | उपलब्धि | कै |
|---|---|---|---|---|---|
| १ | श्री बाल मा.वि. | व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, अभिनय , कथाकथन | ५२ | ७०% | |
| २ | श्री लक्ष्मी मा.वि. | व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अभिनय, कथाकथन | २५ | ८०% | |
| ३ | श्री शिक्षा सदन मा.वि. | व्याख्यान, पठनबोध, अभिनय | ३० | ४०% | |
| ४ | श्री जन सेवा उ.मा.वि. | व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, कथाकथन | ५५ | ५०% | |
| ५ | श्री जन कल्याण मा.वि | व्याख्यान, छलफल, प्रदर्शन, पठनबोध, अभिनय | ५० | ८५% | |

### ४.४.२ संस्थागत विद्यालयका शिक्षकहरूले कक्षा नौं मा कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरू

प्रस्तुत शोधकार्य बयरवन गा.वि.स.मा रहेका मा.वि. तहका ५ वटा सरकारी विद्यालयहरूमा झैं ५ वटा संस्थागत विद्यालयहरूमा शोधकर्ता स्वयम् प्रत्यक्ष रूपमा गई नेपाली विषयक अधयापनरत शिक्षकहरूले कक्षा नौं मा कथा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूमा सीमित रही अध्ययन गरिएको छ ।

उक्त अध्ययनद्वारा प्राप्त सूचना तथा तथ्याङ्क सङ्कलन विवरण अनुसार संस्थागत विद्यालयहरूमा अध्यापनरत नेपाली विषयक शिक्षकहरूले कक्षा नौं मा कथा शिक्षण गर्दा व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध र कथाकथन विधिलाई सर्वाधिक प्रयोग गरिएको पाइयो । त्यसैगरी अभिनय विधिको प्रयोग न्यूनतम रूपमा गरिएको पाइयो भने संस्थागत विद्यालयमा अध्यापनरत शिक्षकहरूले कथा शिक्षणका क्रममा महत्त्वपूर्ण मानिने तुलना, समीक्षा, लेख प्रस्तुति, प्रतिवेदन प्रस्तुति र प्रदर्शन विधिलाई समेट्न नसकेको पाइयो । प्रस्तुत शोधकार्यमा

शोधकर्ताले कथा शिक्षणमा शिक्षकहरूद्वारा अपनाइएका शिक्षण विधि सम्बन्धमा अध्ययन अनुसन्धानद्वारा प्राप्त विवरणहरूलाई निम्नानुसार उल्लेख गर्ने प्रयास गरिएको छ :

### ४.४.२.१ प्राप्त तथ्यको तालिकीकरण

यस शोधकार्यका लागि सामुदायिक विद्यालयमा जस्तै संस्थागत विद्यालयतर्फ पनि वयरवन गा.वि.समा अवस्थित ५ वटा विद्यालयहरूलाई नमुनाका रूपमा स्वेच्छिक छनोट गरिएको थियो । सरकारी विद्यालयमा जस्तै यसतर्फ पनि एउटा विद्यालयमा पूर्व सूचना नदिई र बाँकी अन्य विद्यालयहरूमा पूर्व सूचना दिएर नै कक्षा अवलोकन गरिएको थियो । कक्षा शिक्षणका क्रममा शिक्षकको मूल्याङ्कनलाई आधार मानी सही उत्तर दिने विद्यार्थीको सङ्ख्याको आधारमा विद्यार्थी उपलब्धिलाई प्रतिशतमा प्रस्तुत गरिएको थियो । यसरी प्राप्त तथ्यलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३ संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरू र उपलब्धि

| क.सं. | विद्यालयहरूको नाम, ठेगाना | व्याख्यान | छलफल | प्रश्नोत्तर | प्रदर्शन | समीक्षा | तुलना | पठनबोध | प्र.प्र. | ने.प्र. | अभिनय | कथाकथन | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पर्ल एकेडेमी इङ्लिस स्कुल | √ | × | √ | × | × | × | √ | × | × | √ | √ | ७०% | पू.सू.न. |
| २ | रमाइलो बालजगत आ. बो. स्कुल | √ | √ | × | × | × | × | √ | × | × | × | × | ४०% | पू.सू.दि. |
| ३ | माउन्ट हार्मोन चिल्ड्रेन एकेडेमी स्कुल | √ | √ | √ | × | × | × | × | × | × | × | √ | ५०% | पू.सू.दि. |
| ४ | पिनाकल आ. बो. स्कुल | √ | × | √ | × | × | × | × | × | × | √ | √ | ६०% | पू.सू.दि. |
| ५ | जेनिथ इङ्लिस स्कुल | √ | √ | √ | × | × | × | √ | × | × | × | × | ६५% | पू.सू.दि. |
| | जम्मा | १०० | ६० | ८० | - | - | — | ६० | - | - | ४० | ६० | - | - |


## ४.४.२.२ तालिकीकरणको वर्णन र स्पष्टीकरण

तालिका न. ३ मा प्रतिनिधि संस्थागत विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरूलाई कक्षा अवलोकन र प्रश्नावलीका आधारमा गरिएको छ । यसरी हेर्दा कथा शिक्षण विधिहरूमध्ये ६ प्रकारका विधिलाई शिक्षकहरूले कक्षा शिक्षणमा प्रयोग गरेको देखियो । ती विधिहरू हुन् : व्याख्यान, छलफल, प्रश्नोत्तर , पठनबोध , कथाकथन र अभिनय विधि । ती विधिहरूमध्ये व्याख्यन विधि शतप्रतिशत शिक्षकहरूले प्रयोग गरेको पाइयो भने तुलना, समीक्षा , प्रतिवेदन प्रस्तुति, लेख प्रस्तुति र प्रदर्शन विधि कुनै पनि शिक्षकले प्रयोग गरेको पाइएन । यसै गरी प्रश्नोत्तर विधिको प्रयोग ८०% शिक्षकहरूबाट गरिएको पाइयो भने छलफल पठनबोध र कथाकथन विधि ६०% शिक्षकहरूले प्रयोग गरेको पाइयो भने अभिनय विधि प्रयोग गरिएको विधिहरूमध्ये सबैभन्दा कम ४०% शिक्षकले मात्र शिक्षणमा प्रयोग गरेको पाइयो ।

कक्षा नौं मा कथा शिक्षण गर्दा प्रतिनिधि संस्थागत विद्यालयका शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई तलको स्तम्भ रेखाचित्रबाट अझ प्रस्ट बुझ्न सकिन्छ :

स्तम्भ आरेख २


संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरू र उपलब्धि स्तर



माथिको स्तम्भ रेखाचित्र हेर्दा सबैभन्दा बढी प्रयोग गरिएको विधि व्याख्यान विधि हो भन्ने प्रस्ट देखिन्छ । त्यसैगरी प्रश्नोत्तर विधिलाई दोस्रो स्तरमा प्रयोग गरिएको देखिन्छ । छलफल, पठनबोध र कथाकथन विधि तेस्रो स्थानमा देखिन्छन् भने सबैभन्दा कम प्रयोग गरिएको विधि अभिनय रहेछ भन्ने प्रस्ट बुझिन्छ ।

सामुदायिक विद्यालयको जस्तै संस्थागत विद्यालयको तथ्याङ्कले पनि समीक्षा तुलना, प्रतिवेदन प्रस्तुति र लेख प्रस्तुति विधि प्रयोगको शून्य स्थिति अर्थात् ती सबै विधिको प्रयोग नगरिएको भन्ने स्पष्ट देखिन्छ । यसै तथ्यलाई वृत्तचित्रबाट झनै प्रस्ट बुझिन्छ :

चित्र नं. २ : संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरू




### ४.४.२.३ कथा शिक्षणमा प्रयोग गरिएका विधिहरूको प्रभावकारिताको विश्लेषण

कथा शिक्षणमा प्रतिनिधि संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरू विद्यार्थी सङ्ख्या र उपलब्धि आदिको विवरण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

संस्थागत विद्यालयका शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

| क्र.सं. | विद्यालयहरूको नाम, ठेगाना | शिक्षण विधिहरू | विद्यार्थी संख्या | उपलब्धि | कै |
|---|---|---|---|---|---|
| १ | पर्ल एकेडेमी इङ्लिस स्कुल | व्याख्यान, प्रश्नोत्तर, पठनबोध, अभिनय, कथाकथन | ३० | ७०% | |
| २ | रमाइलो बालजगत आ. बो. स्कुल | व्याख्यान, छलफल, पठनबोध, | ३५ | ४०% | |
| ३ | माउन्ट हार्मोन चिल्ड्रेन एकेडेमी स्कुल | व्याख्यान, छलफल, प्रश्नोत्तर, कथाकथन | २५ | ५०% | |
| ४ | पिनाकल आ. बो. स्कुल | व्याख्यान, प्रश्नोत्तर, अभिनय, कथाकथन | ३१ | ६०% | |
| ५ | जेनिथ इङ्लिस स्कुल | व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध | २० | ६५% | |

प्रस्तुत विवरण अनुसार सङ्केत नं. ६ पर्ल एकेडेमी इङ्लिस स्कुलले जम्मा ५ प्रकारका शिक्षण विधिहरू क्रमशः व्याख्यान, प्रश्नोत्तर,पठनबोध अभिनय र कथाकथन प्रयोग गरेका थिए । पूर्व सूचना नदिई अवलोकन गरिएको उक्त कक्षामा जम्मा ३० जना विद्यार्थीहरू उपस्थिति थिए । उक्त कक्षा शिक्षणमा शिक्षकले व्याख्यान विधिलाई बढी प्राथमिकता दिँदै बेला बेलामा विद्यार्थीहरूलाई सामुहिक तथा व्यक्तिगत रूपमा प्रश्नोत्तर गरेको पनि पाइयो । साथै अभिनय विधिबाट विद्यार्थीको ध्यानकेन्द्रित गराइएको कारण पनि कक्षाकोठामा उपलब्धि स्तर ७०% रहेको पाइयो । यसका साथै पठनबोध र कथाकथन विधिले गर्दा पनि शिक्षण प्रभावकारी नै रहेको पाइयो ।

सङ्केत ७ श्री रमाइलो बाल जगत आ.बो. स्कुलका शिक्षकले अध्यापन गरेको कक्षाको उपलब्धि स्तर ४०% रहेको पाइयो । जम्मा ३५ जना विद्यार्थी रहेको उक्त कक्षाकोठामा शिक्षकले तीनवटा (व्याख्यान, छलफल र पठनबोध) मात्र शिक्षण विधिको प्रयोग गरी शिक्षण गरिएको अवलोकित कक्षाको उपलब्धि स्तर समग्रमा ४०% कमै भएको पाइयो । पूर्व सूचना दिई गरिएको कक्षा अवलोकन भए पनि शिक्षण विधिको विविधता पाठयोजना, शैक्षिक सामग्री आदि कुराहरूको प्रयोग नगरिएको पाइयो । यस कुराले के बुझिन्छ भने शिक्षण प्रभावकारी नहुनुमा आफ्नो जिम्मेवारीप्रति शिक्षकहरू बढी सजग नहुनु हो भन्ने प्रस्ट देखिन्छ ।

सङ्केत नं. ८ माउन्ट हार्मोन चिल्ड्रेन एकेडेमी स्कुलका शिक्षकलाई पनि पूर्व सूचना दिई कक्षा अवलोकन गरिएको थियो । उनले व्याख्यान, छलफल, प्रश्नोत्तर र कथाकथन विधिलाई प्रयोग गरेको पाइयो । जम्मा २५ जना विद्यार्थी सङ्ख्या भएको उक्त कथा शिक्षण गरी गरिएको विद्यार्थी मूल्याङ्कन उपलब्धि ५०% कम स्तर कै देखियो । शिक्षणलाई थप प्रभावकारी बनाउनका लागि शिक्षण विधिहरूकै विविधता हुनैपर्छ, भन्ने अनिवार्यतालाई पनि महत्त्व दिनुपर्ने देखियो । त्यसैले कथा शिक्षणमा (अभिनय, पठनबोध, प्रदर्शन) आदि विधिहरूलाई पनि प्रयोग गर्नु पर्दछ ।

सङ्केत नं. ९ पिनाकल आ.बो. स्कुलका शिक्षकलाई पनि पूर्व सूचना दिई कथा अवलोकन साथै अन्तर्वार्ता लिइएको थियो । उनले व्याख्यान, प्रश्नोत्तर, अभिनय र कथाकथन आदि विधिहरूको प्रयोग गरेका थिए । कक्षा शिक्षणपछि गरिएको मूल्याङ्कन हेर्दा शिक्षण प्रभावकारी नै भएको पाइयो । जम्मा ३१ जना विद्यार्थी रहेको उक्त कक्षा अवलोकनमा विद्यार्थी उपलब्धि ६०% देखियो । विद्यार्थीहरूको सक्रिय सहभागिता रहेकै कारण अर्थात् थोरै विधि नै भए पनि प्रयोग प्रक्रिया साथै शिक्षकको व्यक्तिगत कुराहरूले शिक्षण प्रभावकारी नै रहेको हो भन्न सकिन्छ ।

सङ्केत नं. १० जेनिथ इङ्लिस स्कुलका शिक्षकको कथा शिक्षणपछि गरिएको विद्यार्थी मूल्याङ्कनमा ६५% उपलब्धि प्राप्त भएको देखियो । व्याख्यान छलफल, प्रश्नोत्तर र पठनबोध विधिको प्रयोग गरिएको उक्त कक्षा कोठामा विद्यार्थी उपलब्धि प्रभावकारी भएको पाइयो । पूर्व सूचना दिई कक्षा अवलोकन गरिएको उक्त कक्षाकोठामा विद्यार्थी सङ्ख्या २०

जना पाइयो । कथा शिक्षणका विभिन्न विधिहरूमध्ये पठनबोध र प्रश्नोत्तर यी दुई विधि प्रयोग गरी शिक्षण गर्दा उपलब्धि राम्रै आउने सङ्केत अवलोकित कक्षाबाट स्पष्ट भयो ।

अवलोकित तथ्यको आधारमा कथा शिक्षण विधिको विश्लेषण गर्दा निष्कर्षमा यही कुरा खुल्न पुग्यो कि कक्षा नौं मा कथा शिक्षण गर्दा शिक्षकहरूले मुख्य गरी शिक्षण विधिहरूको विविधतालाई कथाको प्रकृति हेरेर शिक्षण विधि छनोट गरे शिक्षण प्रभावकारी हुन सक्छ, माथि उल्लिखित संस्थागत विद्यालयका शिक्षकहरूमध्ये कसैले अति न्यून विधिको प्रयोग गर्दा उपलब्धि पनि त्यही अनुसारकै रहयो ।

## ४.४.२.४ सरकारी तथा संस्थागत विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरू तथा उपलब्धि स्तर

सरकारी तथा संस्थागत विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरूमा केही समानता देखियो भने धेरै जसो असमानताहरू नै देखियो ।

कथा शिक्षणको क्रममा शिक्षकहरूले तुलना विधि प्रतिवेदन प्रस्तुति विधि, समीक्षा विधि र लेख प्रस्तुति यी चार विधिहरूलाई प्रयोग नगरिएको पाइयो । यसै सन्दर्भमा कथा शिक्षण विधिहरूको प्रयोगको स्थिति हेर्दा सरकारी विद्यालयतर्फ सबैभन्दा बढी महत्त्व व्याख्यान, छलफल, पठनबोध र अभिनय विधिलाई दिइएको पाइयो ।

कथा शिक्षण विधिहरूको अवस्थालाई हेर्दा सरकारी विद्यालयतर्फ सबैभन्दा बढी महत्त्व व्याख्यान, छलफल पठनबोध र अभिनय विधिलाई दिइएको पाइयो । यी विधिहरूमध्ये व्याख्यान विधिको प्रयोग भने शतप्रतिशत शिक्षकहरूले गरेको पाइयो । तर प्रदर्शन विधिको प्रयोग ज्यादै न्यून रहेको पाइयो । अधिकांश शिक्षकहरूले पनि व्याख्यान विधिलाई मात्र सर्वाधिक छलफल, पठनबोध र कथाकथन विधिको प्रयोग पनि सरकारी विद्यालयहरूको तुलनामा न्यून नै रहेको पाइयो ।

कथा शिक्षणमा अभिनय विधिलाई ज्यादै महत्त्वपूर्ण ठानिएको छ, तर संस्थागत विद्यालयहरूमा गरिएको कक्षा अवलोकनमा अभिनय विधिको प्रयोग न्यूनतम रूपमा गरिएको पाइयो । संस्थागत विद्यालयहरूको शिक्षकहरूले भन्दा केही मात्रामा बढी विधि शिक्षण विधिहरूको प्रयोग सरकारी विद्यालयहरूका शिक्षकहरूले गरेको पाइयो ।

विद्यार्थी मूल्याङ्कनका क्रममा सरकारी विद्यालयतर्फ उच्चतम रूपमा ८५% विद्यार्थीले सफलता प्राप्त गरेको पाइयो, भने संस्थागत विद्यालयतर्फ ७०% विद्यार्थीले सफलता पाएको तथ्याङ्क प्राप्त भयो । प्राप्त तथ्याङ्कले कुनै पनि कक्षामा शतप्रतिशत असफल र सफल भएको पाइएन । सरकारी विद्यालयतर्फको न्यूनतम उपलब्धि ४०% देखियो भने संस्थागतको पनि ४०% नै देखियो ।

कक्षागत आकार हेर्दा सरकारी र संस्थागत विद्यालयतर्फ ठूलो अन्तर देखियो सरकारी विद्यालयमा अधिकतम ५५ तथा न्यूनतम २५ जना विद्यार्थी रहेको पाइयो । त्यस्तै संस्थागत विद्यालयतर्फ अधिकतम ३५ र न्यूनतम २० जना विद्यार्थी रहेको पाइयो । संस्थागत विद्यालयको तुलनामा सरकारी विद्यालयको कक्षाकोठाको आकार ठूलो र विद्यार्थी सङ्ख्या धेरै भए पनि उपलब्धि स्तर भने संस्थागत विद्यालयका भन्दा सरकारी विद्यालयको नै बढी रहेको देखियो ।

कक्षा अवलोकनका क्रममा पूर्वसूचना दिएर र पूर्व सूचना नदिई दुई तरिकाले अवलोकन गरिएको थियो तर शिक्षणका क्रममा पूर्वसूचना दिएका र नदिईकन अवलोकन गरिएका कक्षामा विधिको विविधीकरण र उपलब्धि स्तरमा खासै ठूलो फरक पाइएन । सरकारी विद्यालयमा पूर्वसूचना दिइएका कक्षाहरू कै उच्चतम र न्यूनतम उपलब्धि क्रमश: ८५%, ४०% देखियो भने सस्थागत विद्यालयतर्फ पूर्व सूचना नदिएका कक्षामा उच्चतम उपलब्धि ७०% र पूर्व सूचना दिइएका कक्षामा न्यूनतम ४०% उपलब्धि स्तर रहेको पाइयो । यी तथ्यलाई केलाउँदा पूर्व सूचना दिइएको र नदिइएको कारण वा अवस्थाले मात्रै विद्यार्थीहरूको सफलता स्तरमा खासै महत्त्व नराख्ने तथ्य प्राप्त भयो । यस तथ्यलाई तलको तालिकाको माध्यमबाट अझ स्पष्ट पार्न सकिन्छ :

| सङ्केत नं. | **विधि तथा उपलब्धि** | **सरकारी विद्यालयतर्फ** | **संस्थागत विद्यालयतर्फ** |
|---|---|---|---|
| १ | **विधिहरूको प्रयोग** | व्याख्यान, छलफल प्रश्नोत्तर, प्रदर्शन पठनबोध, अभिनय, कथाकथन | व्याख्यान, छलफल प्रश्नोत्तर, पठनबोध, अभियन, कथाकथन |
| २ | उच्चतम उपलब्धि | ८५% | ७० % |

| | | | |
|---|---|---|---|
| ३ | न्यूनतम उपलब्धि | ४० % | ४० % |
| ४ | औसत | ६२.५ % | ५५ % |
| ५ | कक्षाको उच्च सङ्ख्या | ५५ | ३५ |
| ६ | कक्षाको औसत सङ्ख्या | ४० | २७.५ |
| ७ | कक्षाको न्यूनतम सङ्ख्या | २५ | २० |
| ८ | सर्वाधिक प्रयोग गरेका विधि | व्याख्यान, छलफल, पठनबोध, अभिनय | व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, कथाकथन |
| ९ | न्यूनतम प्रयोग गरेका विधि | प्रश्नोत्तर कथाकथन प्रदर्शन | अभिनय |
| १० | प्रयोग नगरिएका विधिहरू | तुलना, समीक्षा, लेख प्रस्तुति, प्रतिवेदन प्रस्तुति | तुलना, समीक्षा, लेख प्रस्तुति, प्रतिवेदन प्रस्तुति, प्रदर्शन |

माथिका तालिकाबाट सरकारी र संस्थागत विद्यालयतर्फ कक्षा शिक्षणमा प्रयोग गरिएका र नगरिएका विधिहरूमा केही समानता र केही असमानताहरू देखिन्छन् । शिक्षण विधिको प्रयोग गर्ने क्रममा भने सरकारी विद्यालयमा व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, अभिनय, कथाकथन गरी जम्मा ६ प्रकारका विधिको प्रयोग बढी गरिएको पाइयो भने प्रदर्शन विधिको प्रयोग अति कम गरिएको पाइयो भने अभिनय विधिको प्रयोग न्यूनतम देखियो । प्रदर्शन विधिको झनै प्रयोग नै गरिएको पाइएन । तालिका अनुसार कक्षागत उपलब्धि औसत स्तरमा ठूलो अन्तर देखिँदैन भने कक्षाकोठामा उपस्थित विद्यार्थी सङ्ख्याको औसत स्थिति भने निकै अन्तर देखिन्छ ।

## ४.५ कथा शिक्षणका क्रममा देखिएका समस्याहरू

वर्तमान परिवेशमा नेपालको शिक्षा प्रणालीमा नै समस्याहरू व्याप्त भएको बेला शिक्षण सिकाइमा समस्या नहुने त कुरै भएन हाम्रो देशको शिक्षाको स्तर दिनानुदिन खस्कँदो अवस्थामा भएको पनि यही शिक्षण सिकाइ वैज्ञानिक र आधुनिक नहुनुले गर्दा नै हो ।

वास्तवमा विद्यालयमा उपयुक्त शिक्षण सिकाइ नहुनु, तालिम प्राप्त शिक्षकहरू प्रशस्त नहुनु पनि एक समस्या हो । आजभोलि हरेक साहित्यिक विधा (कविता, कथा, निबन्ध, प्रबन्ध, रूपक, चिठ्ठी) हरूको शिक्षण सिकाइका क्रममा निकै नै समस्याहरू थपिँदै आएको पाइन्छ । तीमध्ये कथाजस्तो महत्त्वपूर्ण विधाका शिक्षण विधि पनि पुरानै ढङ्ग र शैलीमा नै दगुरिरहेको पाइन्छ, जबसम्म यो बदलिँदो परिवेश र वैज्ञानिक युगसँगसँगै शिक्षण विधिहरूमा पनि नयाँ नयाँ रणनीतिहरू लागू गर्न सकिँदैन, तबसम्म यस्ता समस्याहरू हटेर जान सक्दैनन् ।

प्रस्तुत शोधकार्यबाट प्राप्त विवरणअनुसार सरकारी तथा संस्थागत विद्यालयहरूले कथा शिक्षणका क्रममा सामना गर्दै आएका शिक्षण विधिहरूसम्बन्धी समस्याहरूलाई छुट्टा-छुट्टै शीर्षकद्वारा निम्नानुसार उल्लेख गरिएको छ :

### ४.५.१ सरकारी विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरूमा देखिएका समस्याहरू

विद्यालयमा विद्यार्थीहरूको प्रभावकारी शिक्षण गराउनका लागि शिक्षकहरूले उपयुक्त शिक्षण विधिहरूलाई अवलम्बन गर्न नसक्दा विविध समस्याहरू उत्पन्न हुन्छन् । यसै सन्दर्भमा प्रस्तुत शोधकार्यमा सरकारी विद्यालयका शिक्षकहरूले कथा शिक्षण विधिमा वैज्ञानिकता र आधुनिक शिक्षण विधिहरू प्रयोग गर्न नसक्दा समस्याहरू देखा परेका छन् । सरकारी विद्यालयका कतिपय शिक्षकहरू तालिम प्राप्त भए पनि तालिममा सिकेका कुराहरूलाई कक्षाकोठामा प्रभावकारी रूपमा प्रस्तुत नगरेकाले पनि थप समस्याहरू देखिएका छन् । यसैगरी प्रस्तुत सरकारी विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरूमा देखिएका समस्याहरूलाई निम्न लिखित बुँदाहरूका आधारमा अझ प्रस्ट पारिएको छ :

क) कक्षा अवलोकनमा कथा शिक्षणका क्रममा व्याख्यान, पठनवोध, अभिनय, कथानक, छलफल तथा प्रश्नोत्तर विधिको बढी प्रयोग भए तापनि प्रदर्शन विधिको कम प्रयोग भएको र समीक्षा, तुलना, प्रतिवेदन प्रस्तुति र लेख प्रस्तुति जस्ता महत्त्वपूर्ण विधिहरूको प्रयोग भने गर्दै नगरिएको पाइयो तसर्थ कक्षा नौं को सन्दर्भमा कथा विधा शिक्षणको प्रयोजनअनुरूप कथा शिक्षणमा अपनाइएका जे-जति विधिहरू छन् ती विधिहरू पर्याप्त हुन नसकेको पाइयो ।

ख) कथा शिक्षण गर्ने क्रममा अधिकांश शिक्षकहरूले व्याख्यान विधिलाई सर्वाधिक महत्त्व दिइनुलाई प्रमुख समस्याको रूपमा हेरियो, किनभने व्याख्यान विधिमा विद्यार्थीहरूको सक्रियता अन्य विधिको तुलनामा कम हुन्छ ।

ग) कक्षा नौं मा कथा शिक्षण गर्ने शिक्षकहरूले पूर्व पाठयोजना तयार नगरी शिक्षण गरिएको पाइयो यसर्थ पूर्व योजनाबद्ध रूपमा शिक्षण गरिएको भए उपलब्धि स्तर अझ बढी हुन सक्नेतर्फ ध्यान नपुऱ्याएको सन्दर्भलाई पनि समस्याको रूपमा हेरिन्छ ।

घ) शैक्षिक सामग्रीले शिक्षणलाई प्रभावकारी बनाउन सक्ने कुरा थाहा हुँदाहुँदै पनि कथा शिक्षणमा शिक्षकहरूले दैनिक प्रयोगका सामग्री मात्र प्रयोग गरिएको पाइयो ।

ङ) समीक्षा, तुलना जस्ता विधिहरूले विश्लेषण गर्न सक्ने क्षमताको विकास गराउने भएतापनि यी विधिहरूको प्रयोग नै गरिएको पाइँदैन, त्यस्तै प्रदर्शन विधिको प्रयोग ज्यादै कम ४०% मात्र रहनुलाई पनि समस्याको रूपमा लिइन्छ, किनभने प्रदर्शन विधिले विद्यार्थीको स्मरण दीर्घकालीन राख्नमा सहयोग पनि गर्दछ ।

च) कथा शिक्षणका माध्यमबाट भाषाका चारैवटा सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को अभ्यास गराउने किसिमको विधिहरूको अवलम्बन गर्न नसकेको पाइयो जसले गर्दा कथा शिक्षणका क्रममा लेख प्रस्तुति, प्रतिवेदन प्रस्तुति, समीक्षा, तुलना जस्ता विधिहरूलाई समेट्न नसक्नुलाई पनि समस्याको रूपमा नै हेरिन्छ ।

छ) कथा शिक्षणका विधिहरू तथा शिक्षणको उपयुक्त क्रम सन्दर्भमा शिक्षकहरूलाई प्रशिक्षण दिइएको पाइए तापनि कम शिक्षकहरूले मात्र तालिममा सिकेका कुराहरूलाई अवलम्बन गरिएको पाइयो ।

## ४.५.२ संस्थागत विद्यालयका शिक्षकहरूले कथाशिक्षण गर्दा प्रयोग गरेका विधिहरूमा देखिएका समस्याहरू

शिक्षण सिकाइ कार्यलाई अर्थपूर्ण एवम् प्रभावकारी बनाउनका लागि शिक्षकहरूले विभिन्न साहित्यिक विधा (कविता, कथा, निबन्ध, प्रबन्ध, रूपक, चिठ्ठी) प्रयोजन अनुरुप शिक्षण विधिहरू अवलम्बन गर्न नसक्दा समस्याहरू उत्पन्न हुन्छन् । प्रस्तुत शोधकार्यमा संस्थागत विद्यालयहरूका शिक्षकहरूद्वारा अपनाइएका शिक्षण विधि शैक्षिक सामग्री एवम् पाठ्यसामग्री समुचित प्रयोग हुन नसकेको कारण विद्यार्थीहरूको सिकाइ उपलब्धिमा समेत समस्याहरू देखिएका छन् । यसैगरी प्रस्तुत संस्थागत विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूमा देखिएका समस्याहरूलाई निम्न लिखित बुँदाहरूका आधारमा प्रस्ट पारिएको छ :

क) संस्थागत विद्यालयहरूमा कथा शिक्षणका क्रममा व्याख्यान, पठनबोध, कथाकथन, छलफल तथा प्रश्नोत्तर विधिहरूको उपयुक्त प्रयोग भएको पाइयो भने अभिनय विधिको कम प्रयोग भएको पाइयो, तसर्थ कथा विधा शिक्षणको प्रयोजनअनुरूप उक्त विधिहरू मात्र पर्याप्त नभएको पाइयो । विद्यार्थीको विश्लेषणात्मक प्रतिभाको विकास, सिर्जनाशक्ति बढाउने, कल्पनाशक्ति विकास गराउने अत्यावश्यक समीक्षा, तुलना, लेख प्रस्तुतीकरण, प्रतिवेदन प्रस्तुति विधि, प्रदर्शन जस्ता प्रभावकारी विधिहरूको प्रयोग गरिएको देखिएन ।

ख) कथा शिक्षण विधिको विविधतालाई प्रयोग नगरी बेवास्ता गरेको पाइयो ।

ग) पूर्व सूचना दिई कक्षा अवलोकन भए पनि शिक्षण विधिहरूप्रति सचेत नभएकाले आफ्नो जिम्मेवारी बोध नगरेकाले यो पक्ष कमजोरी देखियो ।

घ) सैद्धान्तिक रूपमा पाठयोजना बनाउने कुरा गरे पनि व्यावहारिक रूपमा कक्षाकोठामा पूर्व योजनाबद्ध शिक्षण गरिएको पाइएन, साथै शैक्षिक सामग्रीको भने दैनिक प्रयोगका सामग्री मात्र देखियो ।

ङ) माध्यमिक शिक्षा पाठ्यक्रमले कथा शिक्षणका माध्यमबाट भाषाका चारै सीपको अभ्यास गराउनु पर्ने स्पष्ट निर्देश गरेको भए पनि कथा शिक्षणलाई हेर्दा लेखाइ सीपको अभ्यास कमै मात्र गराइएको पाइयो ।

च) शोधकार्यमा प्राप्त तथ्याङ्क अनुसार सरकारी विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूले कम सफलता प्राप्त गरेको पाइयो, तसर्थ संस्थागत विद्यालयका शिक्षकहरूलाई कथा शिक्षण विधिहरू तथा शिक्षण उपयुक्त क्रमका सन्दर्भमा प्रशिक्षण दिनु आवश्यक रहेको पाइयो ।

छ) शिक्षकहरूले शिक्षण विधिहरूको विविधतामा ध्यान नदिई परम्परागत व्याख्यान विधिको प्रयोग गरिएको देखियो भने पाठ्यक्रमद्वारा उल्लिखित कथा शिक्षणका माध्यमबाट गराउनु पर्ने, स-स्वरपठन, श्रुतिलेखन, लिखित प्रश्नोत्तर, घटनाक्रम मिलाउने जस्ता कार्यकलापहरू कम मात्रामा गराइएको पाइयो ।

### ४.५.३ सरकारी तथा संस्थागत विद्यालयका शिक्षकहरूले कथा शिक्षणका क्रममा देखिएका समस्या समाधानका निमित्त अवलम्बन गर्न सक्ने उपायहरू :

प्रस्तुत शोधकार्यका लागि अध्ययनको क्रममा सरकारी तथा संस्थागत विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा विविध समस्याहरूसँग जुध्नु परेको पाइएको छ । ती समस्याहरूलाई अवश्य पनि समाधान गर्न सकिन्छ । भनिन्छ जहाँ समस्या हुन्छ, त्यहाँ समाधान पनि हुन्छ । समय समयमा प्रभावकारी शिक्षणको निमित्त शिक्षकहरूलाई तालिमको व्यवस्था गर्न सकिन्छ । यस्ता समस्या समाधानका निमित्त अवलम्बन गर्न सकिने उपायहरूलाई तल बुँदाहरूमा प्रस्तुत गरिएको छ :

क) कथा शिक्षणमा शिक्षकहरूले परम्परागत शिक्षण विधिलाई मात्र प्रयोग नगरी विषय, सन्दर्भ र पाठ्यवस्तु आदिको प्रकृतिअनुसार विधिहरूको विविधीकरणमा ध्यान दिनुपर्छ ।

ख) व्याख्यान, छलफल, पठनबोध, प्रश्नोत्तर जस्ता विधिहरूका साथसाथै समीक्षा, प्रदर्शन अभिनय विधिहरूको प्रयोगमा पनि उत्तिकै बढी महत्त्व दिनुपर्छ ।

ग) विद्यार्थीको सृजनात्मक क्षमता अभिबृद्धि गर्नका निमित्त तुलना, प्रतिवेदन सरल र संक्षिप्त ढङ्गबाट बिस्तारै गरिँदै लैजानु पर्दछ ।

घ) तालिम प्राप्त शिक्षकद्वारा मात्र प्रभावकारी शिक्षणका आशा गरिन्छ, त्यसैले शिक्षकहरूलाई तालिमको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

ङ) शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक केन्द्रित विधिमा विद्यार्थीहरू मौन वा स्थिर रहने हुन्छन्, विद्यार्थीको प्रभावकारीलाई उत्सुक बनाउनका लागि शिक्षणमा विद्यार्थी केन्द्रित विधि प्रयोगमा ध्यान दिनु पर्ने देखिन्छ ।

च) कथा शिक्षणमा प्रयोग गरिएको विधिहरू तहगत तथा मनोविज्ञान सम्मत हुनुका साथै विधाको उद्देश्य तथा प्रयोजन अनुसार उपयुक्ततामा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

छ) कक्षा नौं को कथा शिक्षणका सन्दर्भमा विद्यार्थीको तकशक्तिको विकास, ज्ञानको विस्तारका साथै गुण-दोष पत्ता लगाउने क्षमताको विकास, कथाको कुनै पक्षबाट आफ्नो दृष्टिकोण प्रस्तुत गर्नमा तुलना विधि, समीक्षा विधि, लेख प्रस्तुतीकरण र प्रतिवेदन प्रस्तुति विधिमा सरकारी तथा संस्थागत दुवै विद्यालयका शिक्षकहरूले जोड दिँदै जानुपर्ने देखिन्छ ।

ज) दैनिक प्रयोगका सामग्रीहरू मात्र नभई कथा शिक्षणमा शब्द र अर्थपत्ती, वाक्यपत्ती, चित्र, गोजी तालिका, फलाटिन पाटी, यान्त्रिक सामग्री (रेडियो, क्यासेट, कम्प्युटर, भि.सि.डि. आदि) तथा अन्य सहायक सामग्रीको प्रयोगमा बढी जोड दिँदै जानु पर्ने देखिन्छ ।

झ) कथाका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास गराउन सस्वरपठन, पठनबोध, बुँदा टिपोट, सारांश भन्ने मौखिक वा लिखित प्रश्नोत्तर, शब्दार्थ र प्रयोगजस्ता क्रियाकलापमा जोड दिँदै जानुपर्दछ ।

ञ) नेपाली विषयलाई जसले पनि अध्यापन गर्न सक्छ भन्ने मानसिकतालाई हटाएर पूर्व सेवाकालीन तालिम लिएको, दक्ष शिक्षकलाई मात्र शिक्षण पेसामा संलग्न गराउनु पर्छ, जसले शिक्षणका विधिहरू, त्यसका प्रभावकारीता र उपयुक्ततालाई राम्रोसँग बुझेको होस् ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

कक्षा नौं मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधि अध्ययन शीर्षकमा प्रस्तुत शोध तयार पार्दा निम्न निष्कर्षहरू पाइयो ।

शोध विषयका उद्देश्यहरूमा केन्द्रित रही प्रत्यक्ष रूपमा कक्षा अवलोकन आंशिक रूपमा प्रश्नावली अन्तरवार्ताद्वारा प्राप्त तथ्यहरूको विश्लेषण गर्दा कथा शिक्षणका कुनै खास किसिमको विधि मात्र उपयोग गर्नुपर्छ भन्ने पाइएन । यस आधारबाट हेर्दा कथा शिक्षणमा सर्वमान्य यही विधि मात्र उपयोग गर्नुपर्दो रहेछ भन्ने पाइएन । कथा शिक्षणमा प्रयुक्त विविध विधिहरू व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समीक्षा, तुलना, पठनबोध, प्रतिवेदन प्रस्तुति, लेख प्रस्तुति, अभिनय, कथाकथन जस्ता विधिहरूमध्येबाट पनि अवलोकित विद्यालयले व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, पठनबोध, अभिनय र कथाकथन विधिहरूको मात्र प्रयोग गरिएको पाइयो भने समीक्षा, तुलना, लेख प्रस्तुति र प्रतिवेदन प्रस्तुति जस्ता महत्त्वपूर्ण विधिको भने प्रयोग नगरिएको पाइयो । अवलोकित विद्यालयको तथ्याङ्कलाई कक्षा नौं मा कथा शिक्षणमा प्रयोग गरिएका उल्लेखित सात प्रकारका विधिहरू हेर्दा कुनै पनि विधि सन्दर्भ सापेक्ष प्रयोगका कारण मात्रै उपयुक्त हुने देखियो । कक्षाकोठामा प्रभावकारी शिक्षणका निमित्त शिक्षण विधिहरूको विविधीकरण अपरिहार्य हुन्छ ।

प्रस्तुत शोध विषयमा न्यूनतम शिक्षण विधिको प्रयोग गरिएको सरकारी विद्यालयतर्फ सङ्केत नं. ३ का शिक्षकहरूले (व्याख्यान, पठनबोध र अभिनय) र संस्थागत विद्यालयतर्फ सङ्केत नं. ७ का शिक्षकहरूले (व्याख्यान, छलफल र पठनबोध) तीनवटा विधिहरूको प्रयोग गरी शिक्षण गरिएको सरकारी तर्फ पूर्व सूचना दिइएको भएतापनि कक्षा उपलब्धि ज्यादै न्यूनतम ४०% मात्र देखिएको कुराले प्रस्ट पार्दछ । त्यसैगरी विधिहरूको विविधीकरणका कारणले मात्रै पनि कक्षाका स्तर राम्रो नहुने तथ्य संस्थागत विद्यालयतर्फ सङ्केत नं. ८,९ र सरकारी विद्यालयतर्फ सङ्केत नं. ४ को तुलनामा सरकारी विद्यालयतर्फ कै सङ्केत नं. ८,९ र ५को उपलब्धि स्तर क्रमशः ५०%, ६०% र ५०% सङ्केत नं. ५ मा

८५% प्राप्त उपलब्धिबाट प्रस्ट हुन्छ । उल्लिखित सन्दर्भबाट उत्ति नै उस्तै विधिको प्रयोग गरी शिक्षण गर्दा उपलब्धि पनि समान नै हुन्छ, भन्ने हुँदैन । शिक्षकको शिक्षण कौशल, शिक्षक विद्यार्थीको सम्बन्ध, शिक्षकको व्यक्तित्व, विद्यार्थी सिकाइ क्षमता, मूल्याङ्कनमा समावेश गरिएका प्रश्नहरू आदि कारणले पनि विद्यार्थीको उपलब्धि स्तरमा प्रभाव पार्दछ । त्यसैगरी कथा शिक्षण प्रभावकारी हुनुमा विधिहरू बीचको तालमेल, पाठको तयारी पाठयोजना र शैक्षिक सामग्रीको प्रासङ्गिक प्रयोग जस्ता कुराहरूले प्रभाव पार्ने देखिएको हुँदा त्यसतर्फ पनि ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

सरकारी र संस्थागत विद्यालयमा अवलोकित प्रतिनिधि कक्षाहरूबाट सरकारी र संस्थागत दुवै गरी विद्यालयमा कथा शिक्षण गर्दा प्रयोग गरिएको विद्यालयहरूमा केही समानता देखिए भने केही असमानताहरू पनि देखिए ।

यसबाट सरकारी र संस्थागत दुवै गरी विद्यालयमा कथा शिक्षण गर्दा विधि उस्तै भए पनि विधिको विविधता सरकारी विद्यालयका शिक्षकहरूले प्रयोग गरेको पाइयो भने कम विविधता संस्थागतमा पाइयो । यसको मुख्य कारण तालिम प्राप्तता र अप्राप्तता नै हो भन्ने देखिन्छ । यी दुई प्रकारका विद्यालयमा कथा शिक्षणको प्रकृति उस्तै भए पनि विविधतामा फरक देखिएको पुष्टि हुन्छ । विधि प्रयोगगत आधारमा सरकारी विद्यालयमा व्याख्यान, पठनबोध, छलफल, प्रश्नोत्तर, कथाकथन, अभिनय आदि विधिमा बढी दिइएको पाइयो, जसकारण विद्यार्थीको उपलब्धिस्तरमा सामान्य अन्तर देखिए पनि विधिहरूको प्रयोग र प्रभावकारिताका कारणले पनि कक्षाको सङ्गठन शिक्षकको प्रमुख तथा शिक्षण कौशल कारण त्यस्तो अन्तर तथ्यलाई स्वाभाविक नै मान्नुपर्ने देखिन्छ ।

## ५.२ सुझावहरू

प्रस्तुत कथा शिक्षण सिकाइ विधिलाई अर्थपूर्ण र प्रभावकारी बनाउनका लागि सर्वप्रथम त शिक्षण विधिहरूको विविधीकरणमा ध्यान दिनुपर्ने देखिन्छ । यसका लागि नेपाली विषय शिक्षकहरूले कक्षाकोठामा कथा शिक्षण विधिहरू अवलम्बन गर्दा नीतिगत, अभ्यास र अनुसन्धानात्मक तिनै तहहरूलाई आधारअनुसार शिक्षण गरिनु पर्दछ, जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

## ५.२.१. नीतिगत तहका लागि

शिक्षण कार्यलाई उद्देश्यपूर्ण बनाउँनका लागि वा विद्यार्थीको उपलब्धि स्तर वृद्धि गराउनका लागि कक्षा शिक्षणमा योजनावद्ध ढङ्गले पाठयोजना तयारी पारी पाठ्यवस्तुको किटानीको साथ शिक्षण गरिनु अपरिहार्य हुन्छ, साथै पाठ्यक्रमका उद्देश्यहरू तथा कथा विधाका उद्देश्यहरू परिपूर्ति हुने किसिमका क्रियाकलापमा जोड दिनु पर्ने उतिकै अपरिहार्य हुन्छ ।

तालिम अप्राप्त शिक्षकहरूलाई कथा शिक्षण विधि र प्रयोग सम्बन्धी राम्रो ज्ञान हुदैन जसको कारण विद्यार्थी उपलब्धि स्तरमा पर्ने जाने भएकाले तालिम अप्राप्त शिक्षकहरूलाई तालिमको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

विद्यालयहरूमा अनुगमन, सुपरिवेक्षण गरी तालिम  आदिमा प्राप्त गरेको ज्ञान एवंम् सीप आदिलाई कक्षाकोठामा के-कसरी प्रयोग गरेको छ र विद्यार्थी उपलब्धि स्तर कस्तो छ आदिलाई मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्दछ । समय र योग्यताको आधारमा मात्र नभई कार्य दक्षताको आधारमा बढुवा गराइनु पर्दछ, शिक्षकलाई शिक्षण पेसाप्रति उत्प्रेरणा जागृत गराइ राख्न शिक्षकलाई पुरस्कार, बढुवाको व्यवस्था, तलव वृद्धि शिक्षण पेसा अरु पेसाभन्दा मर्यादित तथा व्यवस्थित बनाइनुपर्दछ ।

प्रत्येक विधाको शिक्षण गर्ने विधि फरक-फरक हुने भएकाले विधाको आधारमा छुट्टा छुट्टै तालिमको व्यवस्था गरी कक्षा शिक्षणमा प्रयोग गर्नु प्रोत्साहित गर्न सके कथा शिक्षण विधि प्रभावकारी र उद्देश्यपूर्ण हुनसक्थ्यो ।

## ५.२.२ अभ्यास तहका लागि

कक्षाकोठामा शिक्षकले प्रवेश गरेपछि विद्यार्थीको ध्यान आकर्षण गर्न शिक्षकले पूर्व पाठको स्मरण गराउँदै नयाँ पाठको सुरुवात गर्नुका साथै समसामयिक घटना, चुट्किला, कथा, गीत, उखानटुक्का आदिको माध्यमबाट शिक्षणको सुरुवात गरिनुपर्दछ । कथा शिक्षणका लागि कुनै एक मात्र विधि पूर्ण छ भन्ने हुँदैन । विषय, सन्दर्भ पाठ्यवस्तु आदिको प्रकृतिका आधारमा विधिहरूको विविधीकरण हुनु अपरिहार्य हुन्छ । कक्षा नौं मा कथा शिक्षण

गर्दा व्याख्यान, पठनबोध, कथाकथन विधिलाई भन्दा छलफल प्रश्नोत्तर, प्रदर्शन जस्ता विधिहरूलाइ बढी महत्त्व दिई विद्यार्थीहरूलाई सक्रिय रूपमा सहभागी बनाउने विधिहरूको छनौट गरी शिक्षण विधिहरूको प्रयोग गरिनु पर्दछ ।

कथा शिक्षणमा उपलब्धि उच्च हुनु विधिहरूको प्रयोग बढी गर्नुले नै हो भन्ने मानसिकता नबनाई आफ्नो शिक्षण कौशलतालाई उत्तिकै हेर्नुपर्ने हुन्छ । थोरै शिक्षण विधि प्रयोग गरे पनि शिक्षण क्रियाकलाप कुशलतापूर्वक सञ्चालन गर्न सकेको खण्डमा उपलब्धि राम्रो हुन्छ । त्यसैले विधिको प्रयोग एकातिर छ भने अर्कोतिर शिक्षण कौशललाई सुधार्नु पर्दछ । कथाका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास गराउन सस्वरपठन, पठनबोध, बुँदाटिपोट, सारांश भन्ने, मौखिक वा लिखित प्रश्नोत्तर, शब्दार्थ र प्रयोग जस्ता क्रियाकलापमा जोड दिनुपर्दछ ।

विद्यार्थीहरूलाई पाठ घोकाउने रटाउनेभन्दा पनि बुझाउनेतर्फ जोड दिँदा राम्रो हुन्छ । सोधिएको कुरा घोकेर रटेर भनेको भन्दा बुझेर मौलिकतापूर्वक भनेकै उत्तम मानिन्छ । जसले विद्यार्थीलाई सृजनात्मक र तार्किक हुन  सहयोग गर्दछ ।

### ५.२.३ अनुसन्धान तहका लागि

तुलना, प्रतिवेदन प्रस्तुति, समीक्षा, लेख प्रस्तुति जस्ता जटिल प्रकृतिका विधिहरूलाई सरल र सङ्क्षिप्त ढङ्गले सामूहिक कार्य, योजनाकार्य आदिका माध्यमबाट उपयोग गर्दै लैजानु पर्दछ । यसबाट विद्यार्थीहरूमा खोजी गर्ने, तर्क गर्ने, तथ्यलाई केलाउने क्षमता तथा आत्मविश्वासको अभिवृद्धि हुन्छ ।

शिक्षकहरूले कथा शिक्षण गर्दा दैनिक प्रयोगका सामग्री बाहेक केही शिक्षकहरूले मात्र चित्रहरू, प्रश्नसूची आदि प्रयोग गरेकाले शैक्षिक सामग्रीको विविधतालाई समेत ध्यान दिनु जरुरी देखिन्छ ।

त्यसैले नेपाली विषयक शिक्षकहरूले कथा शिक्षणमा विषयवस्तु अनुसार सामग्री प्रत्येक विद्यालयले व्यवस्था गर्नुका साथै शिक्षक र विद्यार्थीले पनि स्थानीय स्तरमा प्राप्त सामग्री निर्माण गरी शिक्षणमा प्रयोग गर्नमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । त्यसमा पनि विद्यालयमा आधुनिक यान्त्रिक सामग्री (रेडियो, क्यासेट, कम्प्युटर, भि.सि.डि. आदि),

शब्दपत्ती र अर्थपत्ती, वाक्यपत्ती, चित्र, गोजी तालिका, फलाटिन पाटी तथा अन्य सहायक सामग्रीहरूको प्रयोगमा जोड दिनुपर्छ ।

कथा शिक्षण विधि तथा क्रियाकलापहरूमा पनि निरन्तर मूल्याङ्कनको साधनहरू कक्षाकार्य, गृहकार्य, मौखिक तथा लिखित प्रश्न, दैनिक हाजिरी जस्ता साधनद्वारा मूल्याङ्कन गरिनुपर्ने आवश्यक देखिन्छ ।

# सन्दर्भसामग्री सूची


आचार्य, कृष्णप्रसाद र कृष्णबहादुर बस्नेत (प्रथम संस्करण २०६३), ***आधुनिक नेपाली उपन्यास र कथा,*** कीर्तिपुर, काठमाडौं : दिक्षान्त पुस्तक प्रकाशन ।

इटनी, रुक्मीला (२०६५), ***कक्षा दशमा कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन,*** अप्रकाशित शोधपत्र, कीर्तिपुर ।

अंगाई, मीनामाया (२०६०), ***कक्षा नौंमा गद्य विधा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,*** अप्रकाशित शोधपत्र, कीर्तिपुर ।

खनिया, बुद्धराज, रामकुमार अधिकारी र विप्रहरि दहाल (दोस्रो संस्करण २०६८), ***नेपाली भाषा शिक्षण,*** बाग बजार, काठमाडौं : जुपिटर प्रकाशक तथा वितरक प्रा.लि. ।

गिरी, कृष्णचन्द्र (२०६७), ***कक्षा नौंमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन,*** अप्रकाशित शोधपत्र, कीर्तिपुर ।

गौतम, सरिता (२०६४), ***कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन,*** अप्रकाशित शोधपत्र, कीर्तिपुर ।

ढुङ्गेल, प्रा. भोजराज र दुर्गाप्रसाद दाहाल (प्रथम संस्करण २०७०), ***नेपाली कथा र उपन्यास,*** भोटाहिटी, काठमाडौं : एम.के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पौडेल, देवीदत्त (२०६०), ***कक्षा ८ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,*** अप्रकाशित शोधपत्र, कीर्तिपुर ।

बुढाथोकी, गोपाल (२०६२), ***कक्षा ७ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन,*** अप्रकाशित शोधपत्र, कीर्तिपुर ।

भूषाल, निमानन्द (२०५९), ***अर्घाखाँचीका मा.वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति,*** अप्रकाशित शोधपत्र, कीर्तिपुर ।

राई, सुमिता (२०६९), ***कक्षा नौ मा कक्षा शिक्षण गर्दा प्रयुक्त विधिहरूको अध्ययन,*** सुकुना बहुमुखी क्याम्पस, अप्रकाशित शोधपत्र ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (दोस्रो संस्करण २०६८), ***नेपाली भाषा र साहित्य शिक्षण,*** भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**१. प्रश्नावली र कक्षा अवलोकनमा प्रतिनिधि नमुनाका रूपमा लिइएका सम्बन्धित विद्यालयहरू तथा शिक्षकको नामवली :**

**१.१. सरकारी विद्यालयहरू तथा शिक्षकहरूको नामवली :**

| क्र.सं. | विद्यालयहरू | शिक्षकहरू |
|---|---|---|
| १ | श्री बाल. मा. वि. | श्रीमति पुष्पा श्रेष्ठ |
| २ | श्री लक्ष्मी मा. वि. | श्रीमति यम कुमारी लिम्बू |
| ३ | श्री शिक्षा सदन मा. वि. | श्रीमति षड्कुशा देवी रेग्मी |
| ४ | श्री जन सेवा उ. मा. वि. | श्रीमति अनिता पौडेल |
| ५ | श्री जन कल्याण मा. वि. | सुश्री कल्पना रिजाल |

**१.२. संस्थागत विद्यालयहरू तथा शिक्षकहरूको नामवली :**

| क्र.सं. | विद्यालयहरू | शिक्षकहरू |
|---|---|---|
| १ | पर्ल एकेडेमी इङ्लिस स्कुल | श्रीमति पवित्रा सिंखडा |
| २ | श्री रमाइलो बालजगत् आवसीय बोर्डिङ स्कुल | श्रीमान् सूर्य प्रसाद कोइराला |
| ३ | माउन्ट हर्मोन चिल्ड्रेन एकेडेमी स्कुल | श्रीमान् होमप्रसाद न्यौपाने |
| ४ | पिनाकल आवसीय बोर्डिङ | श्रीमान् भोला रिजाल |
| ५ | जेनिथ इङ्लिस स्कुल | श्रीमान् रामकृष्ण मगर |

## शिक्षक प्रश्नावली फारम

**शिक्षकको नाम :.......................................................** **मिति :.................**

**विद्यालयको नाम : .....................................................** **ठेगाना :..............**

**अध्यापन गर्ने विषय :...................................................** **पाठ :....................**

**विद्यार्थीको संख्या :.........**

१. कथा शिक्षण गर्दा कुन –कुन विधिको प्रयोग गर्नुहुन्छ ?

⇨ ...............................................................................................................

...............................................................................................................

.............................................................................................................।

२. कक्षा –९ मा कथा शिक्षण गर्दा कुन विधि प्रयोग गरेमा शिक्षण प्रभावकारी हुन सक्छ ?

⇨ ...............................................................................................................

...............................................................................................................

.............................................................................................................।

३. आफूले प्रयोग गरेको विधिबाट तपाईं कतिको सन्तुष्ट हुनुहुन्छ ?

⇨.....................................................................................................................

...............

.....................................................................................................................

...............

.....................................................................................................................

.............।

४. कथा शिक्षण भाषिक सीप विकास वा साहित्यिक रसास्वादन कुन प्रयोजनका लागि गर्नुहुन्छ ?

⇨.....................................................................................................................

...............

.....................................................................................................................

...............

.....................................................................................................................

.............।

५. कथा शिक्षण गर्दा पाठयोजना बनाउनुहुन्छ कि हुन्न ?

⇨.....................................................................................................................

...............

.....................................................................................................................

...............

.....................................................................................................................

.............।

६. शिक्षण पश्चात् मूल्याङ्कन गर्नुहुन्छ कि हुन्न ?

⇨.....................................................................................................................

...............

.................................................................................................................................................

...............

.................................................................................................................................................

..............।

७. विद्यार्थी मूल्याङ्कन गर्दा के–कस्ता क्रियाकलाप अपनाउनु हुन्छ ?

⇒.................................................................................................................................................

...............

.................................................................................................................................................

...............

.................................................................................................................................................

..............।

८. शैक्षिक सामग्री प्रयोग कतिको गर्नुहुन्छ ?

⇒.................................................................................................................................................

...............

.................................................................................................................................................

...............

.................................................................................................................................................

..............।

९. कक्षा शिक्षण गर्दा व्याख्यान, प्रश्नोत्तर, पठनबोध छलफल यी चार विधि बाहेक अन्य विधिको कम प्रयोग भएको देखिन्छ, किन होला ?

⇒.................................................................................................................................................

...............

.................................................................................................................................................

...............

.........................................................................................................

.............।

१०. दैनिक गृहकार्य दिनुहुन्छ ?

⇨.........................................................................................................

...............

.........................................................................................................

...............

.........................................................................................................

.............।

## भावी शोधकार्यका लागि सम्भाव्य शीर्षकहरू

१. कक्षा नौं मा निबन्ध शिक्षण गर्दा अपनाइएका विधिको अध्ययन,

२. कक्षा नौं मा कविता विधा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधिको अध्ययन,

३. सामुदायिक र संस्थागत विद्यालयमा कविता शिक्षण गर्दा प्रयोग गरिएका विधिहरूको तुलनात्मक अध्ययन,

४. कक्षा नौं मा नेपाली व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको विश्लेषणात्मक अध्ययन,